# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

# Local Disaster and Climate Resilience Plan (LDCRP)

(आ.व.२०७९/०८० देखि २०८४/०८५ सम्म)

## बुढीगंङ्गा नगरपालिकाको कार्यालय कुल्देबमाण्डौ
## वाजुरा, सुदुर पश्चिम प्रदेश

दस्तावेज :स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना

तयार गरिएको वर्ष : २०७९

योजना अबधि : ५ बर्ष (आ. व २०७९/०८० देखि ०८४/८५ सम्म)

प्रकाशक : बुढीगंङ्गानगरपालिकाको कार्यालयककुल्दीपमाण्डौं, बाजुरा

समन्वय : पालीका स्तरीय विपद् व्यवस्थापन समिति

सर्वाधिकार:बुढीगंङ्गानगरपालिकाको कार्यालय कुल्दीपमाण्डौ, बाजुरा

आर्थिक : कारीतास अष्ट्रया / कारीतास नेपाल

प्राविधिक सहयोग :सामुदायीक विकास मञ्च (सि.डी.एफ.) नेपाल

# जिल्ला समन्य समितीको कार्यालय,बाजुरा

पत्र संख्या .
सुदुर पश्चिम प्रदेश,नेपाल
चलानी

मिति:

## सन्देश :

विपद् जोखिम तथा जलवायु परिवर्तनले गर्दा गरिवी र सामाजिक अर्न्तनिहितका कारणहरु न्यूनीकरणका लागि थप चुनौतिहरु सृजना गरेको छ। अनियमित बर्षा र अत्याधिक एवं पटक पटक आउने पहिरो, बाढि, विनाशकारी हुरि बतास, शितलहर, खडेरी आदि जस्ता सवै प्रकारका प्रकोपहरुले गर्दा गरिव तथा विपन्नवर्गको जीविकोपार्जन सुरक्षामा असर पार्दछन् । परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ । बाढी, पहिरो, वन्यजन्तु आतंक, असिना, आगलागी, खडेरी, चटयाङ्ग, असिना, हुरीवतास, शितलहर, छाडा पशु चौपाया, र महामारी नगरपालिकामा देखिएका मुख्य प्रकोपहरु हुन । यस्ता प्राकृतिक तथा मानवीय प्रकोपहरुले यस बुढीगंङ्गानगरपालिका अर्न्तगतका स्थानीय बासिन्दाहरुलाई दिन प्रतिदिन असर पार्दै आईरहेको छ। यहाँको मुख्य पेशा कृषि हो जुन सतप्रतिशत जलवायुसंग जोडिएको छ । यहाका सम्पुर्ण घरधुरीहरु विपद जोखीम तथा जलवायु परिवर्तनको असरबाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्ये नजर गरि कारीतास अष्ट्रया, कारीतास नेपालको सहयोगमा सन्चालित **सामुदायीक उत्थानशिलता सृदृढीकरण परियोजनाको** आर्थिक तथा प्राबिधिक सहयोगमा सामुदायीक विकास मञ्च सि.डी.एफ नेपालर बुढीगंङ्गानगरपालिका तथा स्थानीय विपद् व्यवस्थापन समितिको अगुवाईमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ (मस्यौदा) अनुरुप तयार गरिएको हो ।

यसरी पहिचान भएका विपद् तथा जलवायु जोखिमलाई विस्तृत रुपले व्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ। स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिर्वतन अनुकूलन योजना कार्यान्वयनको लागि आवश्यक पर्ने सहयोग प्राप्त गर्न सकिने सरोकारवालाहरु समेतको सहयोगमा यसलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ । यसको लागि स्थानीय विपद् व्यवस्थापन समिति सबै निकायलाई सहयोगको लागि आव्हान गर्दछु। साथै यो योजना निर्माण गर्न सहयोग गर्नु हुने सबै प्रति हार्दिक कृतज्ञताका साथ धन्यबाद ज्ञापन गर्दछु।

..........................................

# बुढीगंङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,बाजुरा

पत्र संख्या .
सुदुर पश्चिम प्रदेश,नेपाल
चलानी

मितिः

## कृतज्ञता ज्ञापन :

नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ (मस्यौदा) तथा स्थानिय जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसार यस वडामा पनि कार्यक्रम संचालन गरिएकोमा खुसी लागेको छ । मानिसलाई प्राकृतिक रुपमा आइपर्ने प्रकोपजन्य वा जलवायुका कारण मानवजन्य जनधनमा पर्ने असरलाई विपद् भनिन्छ जो मानिसले प्रकृति संग गरिने कृयाकलापहरुमा पनि आधारित हुन्छ । कतिपय विपद्हरु प्राकृतिक रुपमा मात्रै उत्पत्ती हुन्छन् तिनिहरुलाई मान्छेले रोक्न अथवा नियन्त्रण गर्न सक्दैन तर तिनिहरु बाट वच्ने उपाय मात्र गर्न सक्छ जस्तै भुकम्प यसलाई मान्छेले रोक्न अथवा नियन्त्रण गर्न नसके पनि यसवाट हुने क्षती कम हुने उपाय गर्न सक्छ भने अन्य वाढी, पहिरो, नदी कटान, डुवान, खडेरी, जंगली जनावर, सडक दुर्घटना, महामारी जस्ता प्रकोपहरु मानविय कृयाकलाप बाट सृजित हुने भएकाले यसको प्रभावकारी व्यवस्थापन र न्यूनिकरण गर्न विभिन्न उपायहरु अपनाउनु पर्ने हुन्छ ।

माथिको वाक्यांशलाइ आधार मान्दै यस नगरपालिकामा सम्भावित विपदहरुको पहिचान गरी ति विपदहरु लाई व्यवस्थापन र न्यूनिकरण गर्न यस वडाको “**स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना** ” निर्माण गरिएको छ । यस योजनाले वडामा हुने सम्भावित विपद्हरुलाई पहिचान गर्नुका साथै ति जोखिमयुक्त वस्ती, समुदाय र क्षेत्रहरुको समेत पहिचान गरी कुन क्षेत्रमा विपद् न्यूनिकरण गर्न के उपाय गर्न सकिन्छ सो उपायको खोजी र प्रयोग गर्ने योजना तथा कार्यक्रम समेट्ने प्रयास गरिएको छ । प्रस्तुत योजना अनुसार यस नगरपालिकाको विपद् तथा जलवायु उत्थानशिल योजनाले समेटेका योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि विभिन्न कृयाकलापहरुमा सहयोग गर्न सबै सम्वन्धित सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरुलाई अनुरोध समेत गरिने छ ।

यस नगरपालिकाको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्न सहयोग गर्ने कारीतास अष्ट्र्या कारीतास नेपाल को आर्थिक सहयोगमा र सामुदायीक विकास मञ्च नेपालको सहजीकरण र नगर विपद् व्यवस्थापन समितिलाई समेत विशेष धन्यवाद दिन चाहन्छु ।

.................
नगर प्रमुख
बुढीगंङ्गानगरपालिका, वाजुरा

राम बहादुर नानियाँ
नगर प्रमुख

## संक्षिप्त शब्द तथा पूर्णरुप

| | |
|---|---|
| जि.प्र.काः | जिल्ला प्रशासन कार्यालय |
| जि.स.स.का | जिल्ला समन्वय समितिको कार्यालय |
| जि.भू.काः | जिल्ला भू-संरक्षण कार्यालय |
| शि.वि.स.ई. | शिक्षा विकाश तथा समन्वय इकाई |
| जि.प्र.काः | जिल्ला प्रहरी कार्यालय |
| कृ.ज्ञा.के.स.का. | कृषि ज्ञान केन्द्र वा सम्पर्क कार्यालय |
| जि.व.काः | जिल्ला वन कार्यालय |
| जि.प्रा.काः | जिल्ला प्राविधिक कार्यालय |
| जि.ज.स्वा.काः | जिल्ला जनस्वास्थ्य कार्यालय |
| गा.पा. | गाउँपालिका |
| स्था.वि.ज.उ.सः | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति |
| स.आ.वि.ज.उ.स. | समुदायमा आधारित विपद् तथा जलवायु उत्थानशील समिति |
| गै.स.सं. | गैर सरकारी संस्था |
| गा.सा.स. | गाउँ सामुदायिक समिति |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाईटी |
| स्वा.से. | स्वास्थ्य सेवा |
| ने.से. | नेपाली सेना |
| स.प्र.बः | सशस्त्र प्रहरी बल |
| उ.मा.विः | उच्च माध्यामिक विद्यालय |
| मा.विः | माध्यामिक विद्यालय |
| प्रा.विः | प्राथमिक विद्यालय |
| भु.प्र.रा.स.नेः | भुकम्प प्रविधि राष्ट्रिय समाज नेपाल |
| प्रा.क्र.: | प्राथमिकता क्रम् |
| DPRP | District Disaster Preparedness and Response Plan |
| VCA | Vulnerability Capacity Assessment |
| CCA | Climate Change Adaptation |
| ला.पा | स्थानीय अनुकुलन योजना |
| ना.पा | राष्ट्रिय अनुकुलन योजना |
| एल.डि.सि.आर.पि | स्थानीय विपद तथा जलवायु परिवर्तन उत्थानशिल योजना |
| एल.डि.आर.एम.पि | स्थानीय विपद जोखिम व्यवस्थापन योजना |
| न.पा. | नगरपालिका |
| आ.व. | आर्थिक वर्ष |
| DRR | Disaster Reshcue Reducation |

विषय सुची

परिच्छेद १ : परिचय
१.१ पृष्ठभुमि 3
१.१.१ राष्ट्रिय सन्दर्भ 3
१.१.२ जिल्ला सन्दर्भ **Error! Bookmark not defined.**
१.१.२.१ भौगोलिक सिमाना, राजनैतिक, प्रशासनिक, प्राकृतिक तथा जनसाँख्यिक पक्ष 8
१.१.३. नगरपालीका सन्दर्भ **Error! Bookmark not defined.**
१.२ योजनाको उद्धेश्य **Error! Bookmark not defined.**
१.३ योजनाको आवश्यकता तथा महत्व **Error! Bookmark not defined.**
१.४ योजनाको सिमा **Error! Bookmark not defined.**
१.५ योजनाको निर्माण प्रक्रिया विधि **Error! Bookmark not defined.**
१.६ योजनाको कार्यान्वयन रणनिति 5
१.७ योजनाको अनुगमन, मुल्याँकन तथा पुनरावलोकन 5

परिच्छेद २ : प्रकोप संकटासन्नता र जोखिम विश्लेषण

२.१ ऐतिहासिक समय रेखा 6
२.२ प्रकोप स्तरीकरण 7
२.३ जीविकोपार्जनका स्रोतहरूको पहिचान र भविष्यको अनुमान 8
२.४ जीविकोपार्जनका स्रोतहरूमा जलवायु उत्पन्न प्रकोपहरूको असर 9
२.५ जोखिम र समस्या विश्लेषण 11
२.६ तापक्रम र वर्षाको विश्लेषण 12
२.७ लक्षीत समुह छलफल 13
२.८ प्रकोप पात्रो 14
२.९ मौसमी पात्रो 15
२.१० बाली पात्रो 16
२.११ वुढीगंगान.पा.को नक्साङ्कन 23
२.१२ प्रकोप विश्लेषण 17
२.१३ प्रकोपको सन्दर्भमा समुदायको संकटासन्नता स्तरीकरण 18
२.१४ क्षमता विश्लेषण 19
२.१४.१ स्रोतको उपलब्धता तथा पहुँच 19

२.१४.२ संस्थागत विश्लेषण वा सम्बन्ध चित्र 22

परिच्छेद ३ : दिंघकालिन सोच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति
३.१ दिर्घकालिन सोंच 25
३.२ परिदृश्य 25
३.३ लक्ष्य 26
३.४ उद्देश्य 26
३.५ नीति 26
३.६ रणनीति 26

परिच्छेद ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील पतिविधिहरु

४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरु 28
४.१.१ नीतिगत व्यवस्था तथा निर्णय 28
४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि 29
४.१.३ जोखिम न्युनिकरण 30

परिच्छेद ५ : योजनामो अनुगमन, मुल्याँकन तथा अध्यावधिकता

५.१ योजनाको कार्यान्वयन 34
५.२ योजनाको प्रगति र मूल्याङ्कन 34
५.३ योजनाको प्रगती अनुगमन तथा मुल्याङ्कन विधि 34
५.४ योजनाको अध्यावधिकता 35

परिच्छेद ६ : एकिकृत योजनाः
अनुशुचिहरुः

# योजनाको सारांश

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" र स्थानीय अनुकुलन योजनाको राष्ट्रिय संरचना, २०६८ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुर्नस्थापन र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छायसमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन उत्थानशीलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा विपद व्यस्थापनलाई मूलपवाहिकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन  विपद् तथा जलवायु उत्थानशील तथा व्यवस्थापन ऐन, २०७४ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै स्थानीय सरकार संचालन ऐन, २०७४ले दिएको अधिकार प्रयोग गरी विपद् जोखिम न्यूनिकरण र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८" तथा स्थानीय जलवायु अनूकुलन योजनाको राष्ट्रिय संरचना २०६८ मा ब्यवस्था भएका प्रक्रिया एवं  विधिहरुलाई एकिकृत तथा सरलीकृत गरी स्थानीय विपद् तथा जलवायु उत्थानशीलयोजना तर्जुमा निर्देशिका, २०७४ अनुसारको मस्यौदाको आधारमा तयार गरी लागू गरिएको छ ।

विश्व मानचित्रमा विपद् जोखिमको दृष्टिले उच्च जोखिममा रहेको राष्ट्रको रुपमा नेपाललाई लिइन्छ । नेपालले प्रत्येक वर्ष विभिन्न किसिमका प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिरो, हावाहुरी, आगलागी, महामारी, खडेरी, रोगकिरा, मौसमको विषमता तथा भुकम्प जस्ता प्रकोपहरुबाट गम्भीर खतराको सामना गर्दै आएको छ। जलवायु परिवर्तनको प्रत्यक्ष असर वायुमण्डलीय तापक्रममा वृद्धि र वर्षाको समय तथा मात्रामा विषमता आदिमा देख्न सकिन्छ । यस्ता असरहरूले बर्सेनी नेपालमा बाढी, पहिरो, हावाहुरी, असिना, सुख्खा, खडेरी, तातो हावाका लहरहरू जस्ता घटनाहरू बढी मात्रामा दोहोरिएका छन् । यसको प्रभाव प्रत्यक्ष रूपमा जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामिण बसोवास, पोषण तथा सरसफाई र भौतिक पूर्वाधारको क्षेत्रमा देखा पर्न थालेको छ ।जलवायु परिवर्तनका नकारात्मक असरबाट गर्भवती महिला,अपाङग, गरीब, विपन्न,  एकल महिला, बालबालिका, वृद्धवृद्धाहरू, पछाडी पारिएको वर्ग, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरू बढी प्रभावित हुन्छन् भन्ने विभिन्न अध्ययनहरूले प्रष्ट पारिसकेका छन् । यस्तो प्रकारको प्रकोप बढ्दै गईरहेको बुढीगगां नगरपालिका वासिन्दाहरुले पनि अनुभव गर्न थालेकाछन् । यस क्षेत्रका अधिकांश घरधुरीहरू कृषिमा निर्भर रहेका छन् तर बाढी,पहिरो, खडेरी, हावाहुरी, रोगकीरा, अनियमित वर्षाबाट यहाँको कृषि उत्पादनमा असर परी यहाँको जीविकोपार्जनको पद्धति, पशु, वन,स्वास्थ्य तथा पोषणमा नकारात्मक असर पार्दै गरेको सन्दर्भमा बढ्दै गएको विपद जन्य प्रकोपबाट परेको तथा पर्नसक्ने प्रतिकूल प्रभावबाट स्थानीयस्तरमा अनुकूलन क्षमता अभिवृद्धि गर्न स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यहोरा राष्ट्रिय संरचनाले दर्शाएको छ । नेपाल  सरकारको विपद् सम्बन्धी ऐन २०७४ र विपद तथा जलवायु

उत्थानशील योजना निर्देशिका २०७४(मस्यौदा) अनुसारका बिधि तथा प्रक्रियाहरु अवलम्बन गरी बहुसरोकारवाला निकाय (वडा कार्यालय,नागरिक मञ्च, वडासचिव, शिक्षक, समाजसेवी, महिला स्वयंसेविका, जेष्ठ नागरिक, राजनैतिक दलका प्रतिनिधि, प्राकृतिक श्रोत व्यवस्थापन समूहका प्रतिनिधि, महिला, पुरुष लगायत अन्य बुद्धिजीवि) हरुको सहभागितामा जलवायु परिवर्तन अभिमुखिकरण एवं स्थानीय उत्थानशील योजना तर्जुमा गोष्ठीबाट आगामी ५ बर्षका लागि विपद तथा जलवायु उत्थानशील कार्ययोजना तयार गरिएको छ । यस योजनाबाट यहाँका वासिन्दाको अनुकूलन क्षमता तथा समुत्थानमा अभिवृद्धि गर्न सहयोग पुऱ्याउने विश्वास गर्दै यस योजनालाई यस वडाको विषयगत योजना बनाई नियमित योजना तर्जुमा प्रक्रियामार्फत नगरपालिकाकार्यालय, जिसस लगायत राष्ट्रिय योजनामा समेत समावेश गरिने छ । यस नगरपालीमा सञ्चालन हुने अन्य विकास कार्यसमेत जलवायु परिवर्तन अनुकूलन तथा समुत्थान मैत्री बन्दै जाने विश्वास गरिएको छ । यो योजनाको कार्यान्वयनको प्रत्येक चरणमा महिला संवेदनशीलतालाई ध्यान राख्दै क्रियाकलाप सञ्चालनमा बढीभन्दा बढी गर्भवती महिला तथा २ वर्षमुनीको बालबालिका र विपन्न वर्गको सहभागितालाई सुनिश्चित गरिनुका साथै समावेशीकरणलाई प्राथमिकता प्रदान गरिएको छ ।

| शिर्षक | विवरण | | | |
|---|---|---|---|---|
| सिमाना | बुढीगंङ्गा नगरपालिका | | | |
| | उत्तरः वडीमालीका नगरपालीका | | | |
| | पश्चिमः छेडेदह गाँउपालीका | | पूर्वः त्रिवेणी नगरपालिका | |
| | दक्षिणः साफेवगर नगरपालीका अछाम | | | |
| क्षेत्रफल | वर्ग किलोमीटर क्षेत्रफलः वर्ग कि.मि. | | | |
| जनसंख्या | महिला | पुरुष | जम्मा | जम्मा घरधुरी |
| | १६४३० | १४६७८ | ३११०८ | ६२२० |
| | श्रोतः स्थलगत अध्ययन २०७९ | | | |
| जातजाती | क्षेत्री, दलित र ब्राह्मण लगायतका जातजातिहरुको वाहुल्यता रहेको छ । | | | |
| प्रमुख पेशा तथा जीविकोपार्जनका आधार | यस नगरपालिकाको मुख्य पेशा कृषि, पशुपालन, मजदुरी, व्यापार व्यवसाय, रोजगारी र वैदेशिक रोजगारी हो । | | | |
| मुख्य प्रकोप तथा विपद्हरु | वाढी, पहिरो, हावाहुरी, खडेरी, जंगली जनावर आतंक, सडक दुर्घटना, असिना, आगलागी र माहामारी आदी । | | | |
| मुख्य वस्ती तथा समुदायहरु | जुवापाीा, सेरालवडा,देउली सैन,मोटा वडा,सिमलकोट,बल्देउ,बाम्का, वाजुगाड,वेल्काट्या,वोरावाडा,फैती,निमती,नुवाघर,कोट,लेनसायल,खोडालवाडा, वसाली सेरा, सेरा वजार, अम्कोट आदी । | | | |
| संकटासन्न घरधुरीहरु | उच्च संकटासन्न | मध्यम संकटासन्न | न्युन संकटासन्न | |
| | १५७ घरधुरी | २२३ घरधुरी | २१६ घरधुरी | |
| योजनाको परिकल्पना | यस नगरपालिका संकटासन्न तथा जोखिमका क्षेत्रहरु तथा समुदायको अनुकूलन क्षमता अभिवृद्धि भै प्रकोप/विपद् तथा जलवायु परिवर्तनबाट हुन सक्ने नकारात्मक असरहरुलाई | | | |

| | |
|---|---|
| | मध्य नजर गरी विकास निर्माण हुनुका साथै स्थानियवासीहरुमा हुनसक्ने विपदलाई न्युनिकरण गरी जलवायु परिवर्तन सँग अनुकुलित भएकाहुनेछन् । |
| **आशातित उपलब्धी** | विपद तथा जलवायु परिवर्तनलाई विकासका क्रियाकलापहरुमा मुल प्रवाहिकरण गरी विपदको हकमा न्युनीकरण र जलवायुसँग अनुकुलित हुदै तनाव रहित एक समुत्थानशील समुदायको रुपमा परिचित हुने । |
| **योजना कार्यान्वयन** | नगरपालिका र वडा कार्यालयको नेतृत्वमा स्थानीय सेवाप्रदायक संघसंस्थाको सहकार्यमा योजना कार्यान्वयन हुनेछ । |
| **मुख्य भूमिका/सहयोग गर्न सक्ने निकायहरु** | नगरपालिका, वडा कार्यालय, जि.स.स, पशु सेवा केन्द्र, स्वास्थ्य चौकी, कृषि सेवा केन्द्र तथा कृषक समुह,सहकारी संस्था, प्रहरी चौकी, खानेपानी संस्थान, उधोग कलकारखाना, आस्था नेपाल, सेवक नेपाल, वाक नेपाल तथा अन्य गैर सरकारी संस्था, विद्यालय, जिल्ला सिंचाई कार्यालय, रेमिट्यान्स, वैंक तथा वित्तिय संस्थाहरु, महिला स्वास्थ्य स्वयं सेविका, वाल र युवाक्लबहरु, महिला तथा आमा समुह, बचत समुह, भु-संरक्षण कार्यालय आदि । |
| **क्षमता विकास** | नगरपालिका कार्यालय, वडा कार्यालय र टोल बस्ती गरी दुईवटै तहका कार्यान्वयनकर्ता, व्यवस्थापक, अनुगमनकर्ता समेत स्थानिय तहमा विषयगत क्षेत्रको जनशक्ति विकास कार्य गरिने । |
| **लैंगिक तथा सामाजिक समाबेशिकरण** | विपद् जोखीम र जलवायु परिवर्तन तथा गैर जलवायु परिवर्तनले गर्दा मानविय तथा पारिस्थितिकीय प्रणालीमा देखिएको नकारात्मक असरहरुलाई सम्बोधन गर्नकोलागि तर्जुमा गरिएको उत्थानशील क्रियाकलापहरुमा गर्भवती महिला, फरक क्षमता भएका महिला तथा पुरुष, २ वर्षमुनीको बच्चा, विपन्न, जनजाती, दलित, महिला, तथा पछाडि पारिएका वर्गहरुको पहुंच तथा नियन्त्रणको अवस्था सुनिश्चितता गरिएको छ । |
| **योजनाको समायोजन** | तयार गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशीलयोजनालाई दिगो र संस्थागत रुपमा कार्यान्वयन गर्नकोलागि वडास्तरमा तयार हुँदै गईरहेको आवधिक नगरपालिका तथा वडा योजनामा र आगामी वर्ष देखि प्रदेश तथा राष्ट्रिय योजना तर्जुमा प्रक्रिया अनुसार समायोजन गरिनेछ र अन्य सरकारी तथा गैर सरकारी निकायको वाार्षिक योजनामा समेत समाबेश गराउनको लागि पैरवी गरिनेछ । |
| **अनुगमन तथा मुल्याङ्कन** | कार्यक्रमको अनुगमन तथा मुल्यांकन जिल्ला तह, नगरपालिका तथा वडा कार्यालय र समुदाय तहबाट गरिने छ । |

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभुमि

### १.१.१ राष्ट्रिय सन्दर्भ

प्राकृतिक प्रकोपहरु एकदमै सामान्य र बारम्बार आइरहने देश नेपाल हो ।विश्व मानचित्रमा नेपाललाई विपदबाट भय भएको देश मानिन्छ । विश्वका विभिन्न देशहरुमध्ये नेपाललाई विपद् जोखिमको दृष्टिले उच्च जोखिममा रहेको राष्ट्रको रुपमा लिइन्छ । नेपालले प्रत्येक वर्ष विभिन्न किसिमका प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिरो आगलागी, महामारी, खडेरी, मौसमको विषमता तथा भूकम्प जस्ता प्रकोपहरुबाट गम्भीर खतराको सामना गर्दै आएकोछ। केही तथ्य र तथ्यांङ्कहरूका आधारमा नेपाल विश्व मानचित्रमा विपद् जोखिमको नक्शाङ्कनमा ११ प्रकारको प्रमुख बहुप्रकोपीय हिसावले २० औं स्थानमा रहेको छ । भूकम्पीय जोखिमको हिसावले ११ औं, बाढी तथा पहिरोको जोखिमको हिसावले ३० औं स्थानमा र जलवायू परिवर्तनको प्रभावको हिसावले चौथो स्थानमा पर्दछ । नेपाल दुई शताब्धी १९८८ देखि २००८ सम्म ( ७००० भन्दा बढी) प्रकोपले गर्दा हुने मृत्युको हिसाबले विश्वमा नेपाल २३औं स्थानमा रहेको छ । मृत्युको हिसाबले प्रकोपहरुमा नेपालमा महामारीले ४५ प्रतिशत भन्दा बढी ठाउँ ओगट्छ भने पहिरो र बाढीले १४.७ प्रतिशत र १०.९ प्रतिशत ओगट्छ।

विश्वभरका कुनैपनि देशमा बस्ने समुदाय कुनै न कुनै किसिमको मानवजन्य र प्रकृतिजन्य प्रकोपबाट प्रभावित हुने भएकाले प्रकोप प्रति संवेदनशील भएर सन् १९६० मा संयुक्त राष्ट्रसङ्घीय विपद् न्यूनीकरण सचिवालयको स्थापना भएको पाइन्छ । सन् १९८६ देखि १९९० को दशकलाई विपद् न्यूनीकरण दशकका रूपमा संयुक्त राष्ट्रसङ्घले घोषणा गरेपछि विपद् विरुद्धको विश्वव्यापी अभियान शुरु भएको थियो । सन् १९९४ र सन् १९९५ मा क्रमशः जापानको योकोहामा र कोवेमा सम्पन्न सम्मेलनहरूमा एसियाली मुलुकहरूले प्राकृतिक विपद् न्यूनिकरण केन्द्रको स्थापना गरेपछि नेपालमा पनि विपद् न्यूनीकरणको कार्यले प्राथमिकता पाएको देखिन्छ ।

नेपालले विपद्जोखिम व्यवस्थापन सम्बन्धि अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतिबद्धतामा सहभागी हुदै गर्दा सन् २००५-२०१५ को ह्योगो कार्यढाँचामा पनि प्रतिबद्धता जनाए अनुरूप विपद्जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २००९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो । उक्त रणनीतिले ह्योगो कार्यढाँचामा अपेक्षा गरीएजस्तै विपद्उत्थानशील नेपालको परिकल्पना गरेता पनि हाम्रा क्रियाकलापहरू बढी प्रतिकार्य तथा राहत केन्द्रित रहे । सन् २०१५ पछिका केही ऐतिहासिक अन्तर्राष्ट्रिय सम्झौताहरू र प्रतिबद्धताहरू मध्ये विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा, दिगो विकास लक्ष्य २०१५-२०३० र जलवायु परिवर्तन सम्बन्धि पेरिस सम्झौता विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सन्दर्भमा महत्वपूर्ण हुन्। विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३० एउटा अन्तर्राष्ट्रिय मार्गदर्शन गर्ने विश्वब्यापी दस्तावेज हो भने विपद्जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २००९ प्रमुख राष्ट्रिय मार्गदर्शन हो । सो को कार्यान्वयनबाट सिकेका कुराहरू र पहिचान गरीएका कमी कमजोरीहरू, सन् २०१५ को भूकम्प, सन् २०१४ र २०१७ को बाढी र हालैका अन्य विपद्हरूबाट सिकेका पाठहरू हाम्रा लागि व्यवहारिक मार्गदर्शन हुन् । यी

विषयहरूलाई मार्गदर्शनको रूपमा लिई तयार गरीएको यो रणनीतिक कार्ययोजना सन्२०१७ देखि २०३० सम्मको अवधिलाई लक्षित गरी तयार गरीएको छ । यो रणनीतिक कार्ययोजनाको लागि निम्न बमोजिमका चार प्राथमिकताप्राप्त क्षेत्रहरू र अठार प्राथमिकताप्राप्त कार्यहरू तय गरीएका छन्।

समुदायमा अपनत्वको भावनामा वृद्धि गराउनका साथै उत्थानशील समाजको निर्माण र दिगो विकासका लागि स्थानीय विपद् व्यवस्थापन समितिको अर्थपूर्ण सहभागितामा स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरिएको छ । विकास विपद् देखि अलग नरहेको हुँदा विकास निर्माणका पहलकदमीका पक्षमा स्थानीय विपद् व्यवस्थापन योजना प्रदेश, नगरपालिका तथा गाउँपालिका, वडा र जि.स.स.का योजनामा समेत समावेश गर्न सकिने छ ।

यसै सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ मा व्यवस्था भएबमोजिम विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्युनीकरण कार्यलाई विशेष महत्व दिइएको छ । जलवायु परिवर्तनका असरहरु नेपालमा पनि देखा परेको र भविष्यमा झन प्रवल सम्भावना भएको विभिन्न अनुसन्धानबाट पुष्टि भएकाले नेपालले जलवायु परिवर्तन अनुकूलन नीति २०६७ र राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७ बनाएको पाइन्छ। राष्ट्रियस्तरमा मात्र नभइकन स्थानीय स्तरमा पनि अनुकुलनका उपायहरु खोजी गर्नुपर्ने महशुस गरी स्थानीय अनुकुलन कार्य योजना २०६८ बनाए ।

यस परिस्थितिमा विपद् जोखिम व्यवस्थापनर जलवायु परिवर्तन अनुकुलनलाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नु पर्ने यथार्थतालाई आत्मसात गर्दै दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न, प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्दै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन नया संरचना अनुसार नेपालको संविधान २०७२, विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४, विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन नियमावली २०७६,स्थानीय सरकार सञ्चालन ऐन २०७४,विपद जोखिम न्युनिकरण राष्ट्रिय नीति २०७५,.विपद जोखिम न्युनिकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०७५, जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकिकृत वस्ती विकास सम्बन्धी कार्यविधि २०७५,राहत मापदण्ड २०७४,आपत्कालिन संचार प्रणालीको तहगत आबद्धता र संचालन मापदण्ड,२०७५ स्वीकृत गरी लागू गरिनुका साथै अहिले आएर जलवायु परिवर्तन वाट नै धेरै जसो विपद हुने भएकाले यी दुवै क्षेत्रलाई एकिकृत गरी विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ को मस्यौदालाई आधार मानि लागु गरिएको छ ।

## १.१.२ जिल्ला सन्दर्भ

बाजुरा नेपालको सुदूरपश्चिम प्रदेशमा पर्ने सेती अञ्चलमा रहेको एक पहाडी जिल्ला हो । २१८८ वर्ग कि.मि. सम्म फैलीएको बाजुरा नेपालका दुर्गम जिल्लाहरु मध्ये एक हो । नयाँ नेपालको पुनसंरचना अनुसार यो जिल्ला नेपालको सुदुरश्चिम प्रदेशमा पर्दछ र यसको सदरमुकाम मार्तडी हो । भौगोलीक हिसावले विकट रहेको बाजुरा जिल्ला पर्यटकीय स्थल र प्राकृतिक सम्पदाहरुले भरीपुर्ण छ । खप्तड राष्टिय निकुञ्ज, बडीमालीका, बुढीनन्दा, छेडदह, त्रिवेणीधाम आदी यस जिल्लाका धार्मिक तथा पर्यटकीय महत्व बोकेका

स्थानहरु हुन । रत्यौली, भुवा, न्याउले, पुतला, देउडा, हुड्केली आदी यहाँका मुख्य सांस्कृतिक परम्पराहरु हुन । आफ्नै रितिरिवाज र चालचलनमा रमाउने बाजुराका जनताहरु वजुरेली भाषाको प्रयोग गर्दछन् । यस क्षेत्रका वासिन्दाहरुको मुख्य व्यवसाय कृषि तथा पशुपालन हो भने वैदेशीक रोजगारको लागी छिमेकी मुलुक भारत तथा अन्य मुलुकमा पनि जाने गर्दछन् । नेपालको संविधान २०७२ अनुसार नेपालको पुनसंरचना गर्ने क्रममा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्णयनुसार यस जिल्लालाई ४ नगरपालिका, ५ गाउँपालिका र १ संसदिय निर्वाचन क्षेत्रहरुमा विभाजन गरिएको छ ।

- अवथिति : देशान्तर : ८१°१०'२०" देखी ८१°४८'२७" पूर्व
- अक्षांश : २९°१६'२१" देखी २९°५६'५६" उत्तर
- कुल क्षेत्रफल : २१८८ वर्ग कि.मी.
- सदरमुकाम : मार्तडी
- समुन्द्र सतहवाट उचाई : ७६२ मिटर देखी ७०३६ मिटर सम्म
- हिमाली भूभाग : १३.५० %
- उच्च पहाडी भूभाग : ८४.८० %
- मध्य पहाडी भूभाग : १.७० %
- खेती योग्य जमिन : १२.२३
- कुल जनसंख्या : १,३८,८६२(पुरुष : ४८.८७%महीला : ५१. १३ %)
- घरधुरी : २५६४०
- जात जातीको संख्या : ५० - बाहुन, क्षेत्री, ठकुरी, दमाई, कामी, सार्की, र भोटे मुख्य जाती
- मुख्य पेशा : कृषी -९६%

### १.१.२.१. भौगोलिक सिमाना, राजनैतिक, प्रशासनिक, प्राकृतिक तथा जनसाँख्यिक पक्ष

- १ वटा निवार्चन क्षेत्र संघ र ९ वटा स्थानिय तह ( ४ वटा नगरपालीका र ५ वटा गाँउपालीका)
- प्रमुख पर्यटकीय स्थल : खप्तड राष्टिय निकुञ्ज, बडीमालीका, बुढीनन्दा, छेडदह, त्रिवेणीधाम आदी ।
- बाजुरा सँग सिमाना जोडीएका जिल्लाहरुपुर्वमा मुगु र कालीकोट, पश्चिममा बझा, उत्तरमा हुम्ला दक्षिणमा अछाम र कालीको जोडीउका छन् ।

## १.१.३. नगरपालिकाको परिचय :

**क** )बाजुरा जिल्लाका नौ वटा स्थानिय तह मध्ये बुढीगंगा नगरपालिका पनि एक हो। राज्य पुर्नसंरचनाको कममा साविकको ब्रमतोला, कुल्देवमाण्डौं र बाह्रबिस गा.वि.स. मिलेर बुढीगंगा नगरपालिका बनेको छ । यस नगरपालिकाको नामाकरण बुढीगंगा नदीको नामबाट राखिएको हो। यस नगरपालिकाको पूर्वमा त्रिवेणी नगरपालिका र अछामको मेल्लेख गाउँपालिका, पश्चिममा खप्तड छेडेदह गाउँपालिका, उत्तरमा बडीमालिका नगरपालिका र दक्षिणमा अछाम जिल्लाको साँफेबगर नगरपालिका संग सिमा जोडीएको छ । बाजुरा जिल्लाको पुरानो सदरमुकाम कुल्देवमाण्डौं (टाँटे) नौविसमा यस नगरपालिकाको कार्यापालिकाको

कार्यालय रहेको छ । पुरानो इतिहासलाई पल्टाउँदा  बाजुरा जिल्लाको राज्य शासन चलाउने बार्जुकोटे राजाको  दरबार पनि यस नगरपालिका भित्र रहेको छ र दरबारको भग्नावशेष अहिले पनि हेर्न सकिन्छ । यस नगरपालिकामा बार्जुकोट दरबार, कुडीकोट दरबार, बयालचाका दरबार साथै चुल्ठे देवि भगवतिको मन्दिर जस्ता विभिन्न देवि देवताका मठ मन्दिर र अन्य थुप्रै ऐतिहासिक सम्पदाहरु अवस्थित रहेका छन । क्षेत्रफलको हिसावले (५९.२) वर्ग कि.मी. रहेको यो नगरपालिका अरुनगरपालिका  भन्दा सानो र जनसंख्याका हिसावले बाजुरा जिल्लाकै सबै भन्दा बढी जनसंख्या  (२१,६७७) भएको नगरपालिकाको रुपमा चिनिन्छ ।  यस नगरपालिकामा उष्ण प्रदेशीय र समसितोष्ण प्रदेशीय हावापानि पाइनुका साथै बाजुरा जिल्लाकै सबैभन्दा बढी उर्वर खेतियोग्य जमिन पनि रहेको पाइन्छ ।  दुर्गम एंव पिछडीयको जिल्लामा पर्ने यस बुढीगंगा नगरपालिकाको विकास भने समयानुसार विकसित भईरहेको देखिन्छ ।

साविकको ३ वटा गा.वि.स. (ब्रमतोला, कुल्देवमाण्डौं र बाह्रविस ) मिलेर बनेको यो नगरपालिकामा १० ओटा वडा रहेका छन । यस नगरपालिकाको शैक्षिक क्षेत्रमा क्याम्पस १, माध्यामिक तह ८ ,आधारभुततह २५ , संस्थागत विद्यालय ८, सामुदायीक सिकाई केन्द्र ३ र वालविकास केन्द्र ४२ वटा रहेका छन भने स्वास्थ्य ३ वटा स्वास्थ्य चौकी, १ सामुदायिक स्वास्थ्य इकाई र  १ वटा वर्थिङ सेन्टर संचालनमा रहेका छन ।  त्यसै गरी कृषि विकास तथा पशु सेवा शाखा मार्फत यस बुढीगंगा नगरपालिकाको समृदीका लागी कृषि तथा पशु  विकास संग सम्वन्धित विभिन्न कार्यक्रमहरु संचालन  भइरहेका छन ।

भौगोलिक विविधता, विकटता, अशिक्षा, बेरोजगारी र रुडीबादी आदी विभिन्न समस्या हुंदाहुंदै पनि विगत भन्दा अहिले  शिक्षाा, स्वास्थ्य, संचार,  जनचेतनामा, रुडीवादी परम्परा, व्यावसायीक उन्नती आदी विभिन्न पक्ष मा तिब्र गतिमा विकास हुदै  गरेको देखिन्छ । यस क्षेत्रको नगरपालिकाका सबै राजनितिज्ञ्य, कर्मचारी, शिक्षक, मिहला, पुरुष, दलित, आदीबासी, जनजाती लगायत सम्पुर्ण नगर बासीहरुले यस क्षेत्रका विविध विषयमा हातेमालो गर्दै अगाडी बढ्नेहो भने यस नगरपालिकाको भविश्य राम्रो हुने निश्चित छ ।

### ख) धरातलीय अवस्था

मध्ये पहाडी क्षेत्रको उच्च पहाडी जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसावले उच्च पहाडी उपत्यकाभित्रको समथर क्षेत्र रहेको छ । तथापी होचा तथा अगला पहाडी श्रृंखलाका काखमा रहनुका साथै समथर भूवनोट भएको यस नगरपालिकामा विविधतायुक्त धरातलीय अवस्थीती रहेको छ । यस क्षेत्रमा मुख्यतया नदी तटीय क्षेत्र फालासैन लगायतका स्थानहरुमा समथर भूभाग रहेको छ । नगरपालिकाको माथिल्लो क्षेत्रमा चट्टानी भूभाग, पाटन तथा वनजंगल रहेको देख्न सकिन्छ ।

### ग) प्राकृतिक सम्पदा र भूउपयोग

प्राकृतिक स्रोतका हिसावले सम्पन्न वुढीगंगा नगरपालिकामा खप्तड राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र, नजीक एक दर्जन भन्दा बढी साना ठुला नदी तथा खोलाहरु, वालुवा लगायतका नदिजन्य खनिज, चरण क्षेत्र जस्ता रहेका छन् । जलस्रोतका दृष्टिले बुढीगंगा नदी, आरद्वाली गाड, जिजाडी गाड, प्रभाली गाड, छिप्या खोला, लगायत सिमानामा वग्ने कैलाश खोला, लुंग्रेवाली गाड, इकडी गाड र विम्कोटी खोला रहेका छन । लोपोन्मुख प्रजातीको नौमुठे गाई, डाँफे, मुनाल, घोरल, चितुवा, कस्तुरी, रतुवा, देवदार, सल्लो, जस्ता वनजन्य वनस्पति पनि पाईन्छन् । वनजंगल क्षेत्रमा पाइने प्रमुख जडीबुटीका रुपमा पाखनवेत, सतुवा, पाँचऔंले, आदी रहेका छन् । त्यसैगरी रानीसैन तथा बाहुलढुंगा (मालीका मन्दीर), हाडासैन माडी(सिद्धधुनी), ओखीकोट भगवती मन्दिर, पातलकोट, भिर्कु गुफा, भिर्कु झरना (धवल छडा), कालीका मन्दीर देवीस्थान, धवल छडा कालभैरव मन्दीर आदी महत्वपुर्ण पर्यटकीय क्षेत्र हुन ।

**घ) वुढीगंगा नगरपालिका का वडाहरुको विवरण तथा क्षेत्रफल**

वडा नं. १ : साविक ................ (क्षेत्रफल ............ वर्ग कि.मि.)
वडा नं. २ : साविक .......................... (क्षेत्रफल .............वर्ग कि.मि.)
वडा नं. ३ : साविक .............................. (क्षेत्रफल .......... वर्ग कि.मि.)
वडा नं. ४ : साविक ...................... (क्षेत्रफल ............. वर्ग कि.मि.)
वडा नं. ५ : साविक ....................... (क्षेत्रफल ............ वर्ग कि.मि.)
वडा नं. ६ : साविक .......................... (क्षेत्रफल ........... वर्ग कि.मि.)
वडा नं. ७ : साविक .................................. (क्षेत्रफल .......... वर्ग कि.मि.)
वडा नं. ८ : साविक ............................ (क्षेत्रफल ............... वर्ग कि.मि.)
वडा नं. ९ : साविक .................................. (क्षेत्रफल .............. वर्ग कि.मि.)
वडा नं. १० : साविक ........................................ (क्षेत्रफल ........... वर्ग कि.मि.)
वडा नं. ११ : साविक ..................................... (क्षेत्रफल ...............वर्ग कि.मि.)

**ङ)वुढीगंगा नगरपालिका को(जनसंख्या, साक्षरतादर, जातीयता, अपाङ्गतामा ) विवरण**

वुढीगंगानगरपालिकाको कुल जनसंख्या वि.स. स्थलगतसर्वेक्षण अनुसार जम्मा घरधुरी ६२२० मा कुल जम्मा जनसंख्या ३११०८ रहेको छ, जसमा महिला १६४३० जना र पुरुष १४६७८ जना छन् । त्यस्तै साक्षरता दर हेर्दा ७५.१० प्रतिशत रहेको अवस्थामा पुरुष ८१.५७ प्रतिशत र महिला ६८.६२ प्रतिशत रहेको देखिन्छ भने अझै पनि नगर भित्र १३.१० प्रतिशत निरक्षर रहेको अवस्था छ । त्यसै जातीगत अवस्था हेर्दा यस नगरपालिकामा विभिन्न जातजातीका मानिसहरुले वसोवास गरेको पाईन्छ र सवै भन्दा ज्यादा पाहाडी क्षेत्री/ब्राह्मण ६५.१० प्रतिशत, दलित ३०.९५ प्रतिशत, र पाहाडी आदीवासी/जनजाती ०.१८ प्रतिशत घरपरिवार रहेको पाईन्छ । त्यस्तै यस नगरपालिकामा शारीरीक तथा मानसीक रुपमा अशक्त मानिसहरुको संख्या हेर्दा शारीरीक अपाङ्गतामा ३७८ जना, बौद्धिक अपाङ्गतामा ५१ जना, दृष्टि विहिन ६९ जना, बोल्न नसक्ने(भकभके) ६१ जना, मनोसामाजीक अपाङ्गतामा ११ जना रहेका पाईन्छन् ।

**च) वातावरण क्षेत्रः**

यस नगरपालिकाले वन तथा भूसंरक्षणको लागि वन उपभोक्ता समूहहरुलाई जंगल संरक्षण प्रर्वद्धन र पर्यावरणीय सन्तुलन सम्बन्धी कार्यक्रमहरु संचालन गरिएको देखिन्छ । भौतिक पुर्वाधार तथा सडक विस्तार गर्दा पर्यावरणीय असर नपरोस भन्ने सोचका साथ नै कार्य गरिएको पाईएता पनि यसलाई पूर्णरुपमा लागू गर्न सकिएको अवस्था छैन । केही ठाउँहरुमा यसको असर समेत देखिन थालिसकेको छ । वातावरणीय सन्तुलनलाई कायम गर्दै विकास निर्माणका काम गर्न आवश्यक देखिन्छ । स्थानीय स्तरमा जनतालाई पर्ने विपत सम्बन्धी समस्याको समाधान गर्न वडा स्तरीय स्थानिय विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल समन्वय समितिलाई खाता संचालन गर्न दिईनुपर्ने देखिन्छ । जनस्तरमा वातावरण र पर्यावरणीय संरक्षण तथा सन्तुलन सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिएकोछ ।

**छ) वुढीगंगानगरपालिकामा विपद र जलवायुको अवस्था**

वुढीगंगानगरपालिका, बाढी,पहिरो,खडेरी,हावाहुरी, माहामारी, आगलागी, चट्यांग, र रोगकीराको दृष्टिले अत्यन्त जोखिम को रुपमा रहेको देखिन्छ । त्यसका अलावा यस भेगमा जंगली जनावर आतंक, असीना,सडक दुर्घटना जस्ता प्रकोपले पनि बर्षेनि मानिस तथा धनजनको क्षति हुने गरेको पाईन्छ । त्यसैले यो क्षेत्र बहु प्रकोपको हिसावले अत्यन्तै जोखिममा रहेको छ । तसर्थ प्राकृतिक तथा मानव सिर्जित जुनसुकै

खालका विपद्का घटनाबाट हुनसक्ने मानिसको जीउधन तथा सम्पतिको क्षतिलाई न्यून गर्नका लागि विपदको असरलाई न्यूनिकरण गर्ने र विपद्का कार्यलाई विकासको प्रक्रियामा मुल प्रवाहीकरण गर्ने उद्देश्यले स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तयार गरी कार्यान्वयनका लागि पहल गर्न खोजिएको छ। यसले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्ने, जलवायु परिवर्तन संग अनुकुल भएर एक समुत्थानशिल समुदायको रुपमा राख्नका लागी मद्धत पुऱ्याउने छ भन्ने आशा गर्न सकिन्छ।

## १.२ योजनाको उद्देश्य :

यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका उद्देश्यहरु यसप्रकार रहेका छन्:

- प्रकोप र विपद् सम्बन्धी सचेतना अभिवृद्धि गर्दै स्थानीय विपद व्यवस्थापन समितिको क्षमता विकास गराउने ।
- स्थानीय सरकार, सरोकारवाला र विशेष गरी समुदायको प्रत्यक्ष एवंम् सक्रिय सहभागिता अभिवृद्धि गरी विपद् जोखिम न्युनीकरण तथा प्रतिकार्यका कार्यलाई प्रभावकारी बनाउने।
- प्रकोप, जोखिम नक्साङ्कन र सामाजिक स्रोत नक्साङ्कनको आधारमा प्रकोप, सङ्कटासन्नता र क्षमताको पहिचान गरी विपद् जोखिम न्युनीकरणका कार्यहरु संचालन गर्ने ।
- विपद् संकटासन्न समुदाय साथै पारिस्थितिकीय प्रणालीहरूको जोखिमता र अनुकूलन क्षमताको विश्लेषण गरी अनुकूलन क्षमतामा अभिवृद्धि गर्ने ।
- सम्बन्धित निकायहरू बीच विपद व्यवस्थापन मूलप्रवाहीकरणका निम्ति समन्वय गराउनु साथै अनुकूलन योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गराउने ।
- विपद् सम्बन्धी प्रविधिहरूको प्रदर्शनी, प्रवर्द्धन एवंम् अभ्यास गराउने ।
- समुदायस्तरमा गठन भएका विपद् व्यवस्थापन समिति तथा अन्य विपद्सित सम्बन्धित विषयमा कार्य गर्ने स्थानीय संघसंस्था, निकाय र सरोकारवालाहरुको क्षमता विकास गरी उत्तरदायी बनाउन ।

## १.३ योजनाको आवश्यकता तथा महत्व :

विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन अन्तर्गत गरिने विभिन्न चरणका कार्यहरुलाई व्यवस्थित गर्नका लागि स्थानीय स्तरमा तर्जुमा गरिने विकास योजनाहरुको मुख्य भागका रुपमा यो योजना कार्यान्वयन हुन्छ । विपद्को घटना मानव समुदायका लागि सम्वेदनशील भएकोले यस्तो अवस्था नआओस भन्नाका निमित्त विकासका हरेक कार्य र क्रियाकलापहरुमा सुरुदेखि अन्तिमसम्म विपद् व्यवस्थापन र दीगो विकास अवधारणासित समायोजन गरी समुदायको प्रत्यक्ष र सक्रिय सहभागितामा कार्य गर्नु पर्दछ। यसकारण पनि यस योजनाको आवश्यकता र महत्वलाई पुष्टि गर्दछ ।

- नगरपालिकाकास्तरमा विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा हुने र विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि वडा तथा नगरपालिकास्तरमासंस्थागत संरचना तयार हुने ।
- वडा तथा नगरपालिकास्तरीय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनमा मा सूचनाको पहुँच रहने ।
- बहुजोखिम तथा क्षमता विश्लेषण, योजना निर्माण, कार्यान्वयन र अनुगमनमा समुदायको प्रत्यक्ष सहभागिता रहने ।
- वडास्तरमा विपद पूर्वतयारी तथा प्रतिकार्य समूह निर्माण हुने र आवश्यक पर्दा परिचालन गर्न सकिने अवस्थामा रहने ।
- वडास्तरमा विपद् जोखिम न्युनिकरण कोष स्थापना हुने ।
- समुदायले व्यवस्थापन गरेका स्रोतहरुमा समान पहुँच हुने

- वडास्तरमा विपद् जोखिम न्युनिकरणका उपायहरु अवलम्बन गरिने ।
- समुदायमा आधारित पूर्व चेतनावनी प्रणालीको स्थापना हुने भएकोले समुदाय सुरक्षित रहन मद्दत पुग्ने ।
- विपद् पूर्व, विपद्को समयमा र विपद्रपछिको समयमा समेत मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न मद्दत पुऱ्याउने ।
- विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता प्रदान गर्ने ।
- उद्दार तथा राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्ने ।
- क्षेत्रगत रुपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावना विकास गराउने ।

## १.४ योजनाको सीमा :

सरकारी निकाय, गैरसरकारी संस्था तथा स्थानीय सरकारले तयार पार्ने हरेकतहका योजना तथा कार्यक्रमका आफ्नै महत्व र सीमा हुन्छन् । त्यसैगरी यस योजनाका पनि निम्नानुसारका सीमा रहेका छन् ।

- यस योजनाको कार्यान्वयन स्थानीय सरकारले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अंगको रुपमा गर्ने भएकोलेयो योजना एकैपटक कार्यान्वयन नभइ विकास निर्माणसँग सम्बन्धित भएर निरन्तर कार्यान्वयनमा रहने छ ।
- यो योजना स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ को अनुसार तयार पारिएकोछ । यस योजना कार्यान्वयनका लागि वडा तथा नगरपालिकाले आवश्यक रुपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतको खोजी गर्नुपर्ने हुन्छ जुन उपलब्ध हुन्छ नै भन्ने निक्यौल गर्न सकिँदैन ।
- यस योजनाको कार्यान्व्यिन, अनुगमन तथा मूल्याकंनका लागि आवश्यक दक्ष जनशक्तिको उपलब्धतास्थानीयस्तरमा न्यून रहन पनि सक्छ र दक्ष जनशक्ति विकास  गर्न समय लाग्न पनि सक्छ ।

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाको क्रममा आवश्यक पर्ने विभिन्न सूचना तथा तथ्यहरु संकलन गर्न केही कठिनाइ भएको छ । यस योजनाको कार्यान्वयन, व्यवस्थापन र अद्यावधिक गर्नका लागि नगरपालिका पार्श्वचित्र (Municipality Profile)तयार गरी राख्न र यसका लागि आवश्यक पर्ने स्रोत परिचालन गराउनु आवश्यक छ । जलवायु परिवर्तनका असर तथा अनुकूलन प्रयास सम्बन्धी सूचनाहरू समुदायको अनुभव र छलफलबाट संकलन गरिएको हो । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्दा निर्धारण गरिएका कार्ययोजना कार्यान्वयन तथा व्यवस्थापनका लागि कुनै एक पक्षको सहयोग, स्रोत, साधन र क्षमता मात्र पर्याप्त नहुने भएकोले यसलाई कार्यान्वयन

गर्नका लागि संस्थागत विश्लेषणका आधारमा विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूले समन्वय तथा सहकार्य गर्नु अत्यन्त जरुरी देखिन्छ ।

## १.५ योजना निर्माण प्रक्रिया/विधि :

नेपाल सरकारको स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा निर्देशिका र स्थानीय अनुकूलन कार्ययोजना राष्ट्रिय संरचनाले तय गरेका प्रक्रिया तथा चरणहरुको आधारमा स्थानीयस्तरमा नै विभिन्न सहभागितामूलक बिधि तथा औजारहरुको प्रयोग गरी सोही विश्लेषणको परिणाम अनुसार यो योजना तयार गरिएको

स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रिया



स्रोत : स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिका, २०७४

जिल्ला स्तरीय बिभिन्न दस्ताबेजहरूको अध्ययन, बहुसरोकारवालाहरूसँगको परामर्श र गरीबीका अन्तर्निहित कारण तथा जोखिम विश्लेषणका आधारमा गरिएको जिल्लास्तरीय संकटासन्नता बिश्लेषणबाट छनौट भएको कारीतास अष्ट्रिया को आर्थीक सहयोगमा कारीतास नेपाल र सामुदायीक विकास मञ्च नेपालको साझेदारीमा सन्चालित **सामुदायीक उत्थानशिलता सृदृढीकरण परियोजनाको** आर्थिक तथा प्राबिधिक सहयोगमा सि.डी.एफ नेपाल बाजुरा जील्लाको बुढीगंगा नगरपालिकाकार्यक्षेत्रलाई ध्यानमा राखी संकटासन्न वडाको रूपमा छनौट गरिएको थियो । यो योजना तर्जुमा गर्दा तल उल्लेखित बिधि र प्रक्रियाहरु अपनाइएको छ ।

- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका मस्यौदा २०७४ वमोजिम नगरपालिका र वडास्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठन गरिएको छ ।
- नगरपालिका र वडास्तरीय विपद तथा जलवायु उत्थानशिल समन्वय समिति का सदस्यहरुलाई २ दिनको विपद तथा जलवायु परिवर्तन सम्बन्धी अभिमुखीकरण तथा क्षमता अभिवृद्धि गराईको थियो ।
- सहभागीहरुले प्रत्येक टोलमा सहभागीमूलक प्रक्रियाबाट सूचना संकलन गर्न सहजिकरण गरेको थियो । जसमा महिला, वालवालिका, दलित, जनजाती, जेष्ठ नागरिक र विपद प्रभावित व्यक्तिहरुको संलग्नता रहेको थियो ।
- राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) ले निर्दिष्ट गरेका विषयगत क्षेत्रहरुको आधारमा स्थानीयस्तरमा परेको जोखिमहरुको विश्लेषण पश्चात सम्भावित अनुकूलनका कृयाकलापहरु सुचिकरण गरिएको थियो ।
- विपद व्यवस्थापन र जलवायु अनुकुलन सम्बन्धी पूर्वतयारीको प्राथमिकिकरण गरी योजनाको खाका तयार गरिएको थियो । कुन काम, कहिले, कसरी कति लागतमा सम्पन्न गर्ने भन्ने बारे विस्तृत योजनाको खाकामा उल्लेख गरिएको छ ।
- स्थानिय विपद् तथा जलवायु उत्थानशील समन्वय समिति, स्थानीय सरकारी कार्यालयका प्रतिनिधी, राजनीतिक दलको सहभागितामा योजना तर्जुमा कार्यशाला गोष्ठी गरी विपद् जोखिमको अवस्थावारे जानकारी र सो को आधारमा वडा स्तरिय योजना निर्माण गरिएको ।
- योजनाको खाका अनुसार अनुमानित लागत तय गरिएकोले सो अनुरुप अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग सहयोग जुटाउन जिल्ला समन्वय समितिको कार्यालय, कृषि ज्ञान केन्द्र तथा सम्पर्क कार्यालय, पशु सेवा कार्यालय, जिल्ला वन कार्यलय, जिल्ला भू-संरक्षण कार्यलयसँग सम्पर्क, समन्वय र नगरपालिकाका प्रतिनिधीहरुको उपस्थितीलाई अनुरोध गरिएको छ ।
- नगरपालिकापरिषदबाट स्थानीय विपद् जोखिम व्यवस्थापन योजनालाई अनुमोदन गर्नका लागि पमुख प्रशाशकीय अधीकृत ज्युहरुले नगपरिसदमा पेश गरी अनुरोध गर्ने निर्णय गरिएको छ ।

## १.६ योजनाको कार्यान्वयन रणनिति

- योजनालाई नगरपालिकाको परिषदमा लगि अनुमोदन गरेर बैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको कार्यालयले यस योजनाको पुनरावलोकन तथा समीक्षा प्रत्येक वर्षमा गर्ने छ साथै उक्त योजनालाई प्रभावकारी बनाउन प्रत्येक ५ वर्षमा बृहत् पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।
- समुदायस्तरका कार्यदलको तालिम तथा क्षमता अभिबृद्धिका लागि विपद् जोखिम न्युनिकरणको क्षेत्रमा कार्यरत सरोकारवाला संघ संस्थाहरुको सहभागितामा जोड दिइनेछ । विपद्को समयमा कार्यदलका तालिम प्राप्त सदस्यहरुलाई परिचालन गरिनेछ ।
- योजना कार्यान्वयनको लागि वडा तथा नगरपालिकाबाट बजेट छुट्याइने छ भने सरकारी कार्यालय, जिसस तथा अन्य दातृ निकायसंग समन्वय गरिनेछ । वडा र नगरपालिकामा गरिने विकासका कार्यमा विपदलाई मध्य नजर गरेर गरिनेछ ।
- स्थानीय ज्ञान, सीप, विधि, प्रविधि र श्रोत तथा साधनको अधिकतम उपयोग गरी विपद् जोखिम व्यवस्थापनको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- योजनाको कार्यान्वयन भए नभएको स्थानीय विपद् तथा जलवायु उत्थानशिल समिति तथा उपसमिति, नगरपालिका तथा वडाकार्यालय, जिल्ला बिपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति तथा नेपाल रेडक्रस तथा अन्य बिभिन्न सहयोगी गैह्रसरकारी सँघ सँस्थाबाट नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।

## १.७ योजनाको अनुगमन, मुल्याँकन तथा पुनरावलोकन

- नगरपालिका तथा वडाकार्यालयले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मुल्यांकन गर्नेछ ।
- नगरपालिका तथा स्थानीय विपद् व्यवस्थापन समितिले स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको कार्यान्वयनको नियमित अनुगमन तथा मुल्यांकन गर्नेछ ।
- विपद जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरुले आफ्नो अनुगमन तथा मूल्यांकनको प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गर्नेछ ।

# परिच्छेद २: प्रकोप, सँकटासन्नता र जोखिम विश्लेषण

## २.१ ऐतिहासिक समय रेखा

नगरपालिकाभित्र विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गरिन्छ । यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय वा प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी एकीकृत गर्न सकिन्छ ।

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति | विगतमा गरीएका प्रयासहरु |
|---|---|---|---|---|---|---|---|---|
| बाढी | २०४६ साल देखि हाल सम्म | वुढीगंगा नगरपालिका समुदाय (गोयला पानि,जुम्लाआम, वागवीडी, वुढीगंगा) | १२ वटा घर पर्ण रुपमा क्षति हुनुका साथै ६० भन्दा बढी वस्तु भाउ बगाएर लगेको (कुखुरा, बाखा, गाई र भैंसी आदी) | आमनागरीक त्रसित,सडक अवरुद्ध, वातावरण प्रदुषीत | ३० लाख वरावरको क्षति | २ जनाको मृत्यु २जना घाईते | खानेपानी मुहान, वनजंगल विनास, वालीनाली नष्ट (डुवान, कटान र पटान) | खोज उद्धार, राहत वितरण, तटबन्धन, वृक्षारोपण, स्वास्थ्य सिवीर आदी प्रयासहरु भएका थिए । |
| पहिरो | २०४१ साल देखि हाल सम्म | वुढीगंगा नगरपालिका वडा नं. ४ का समुदाय | घर वस्ती, विधालय, वाटो,मन्दीर आदी । | आमनागरीक त्रसित,सडक अवरुद्ध, वातावरण प्रदुषीत | ४० लाख वरावरको क्षति | - | खानेपानी मुहान, वनजंगल विनास, वालीनाली नष्ट | वृक्षारोपण, |
| हुरीवतास | २०४६ साल देखि हाल सम्म (वर्षेनी) | वुढीगंगा नगरपालिका का समुदाय | विधालय भवन, वजार व्यवसाय, वस्थीहरु, आदीमा क्षति | आमनागरीक त्रसित, वातावरण प्रदुषीत | ८० लाख वरावरको क्षती | - | रुख वीरुवा नष्ट वालीनाली नष्ट | विधालय भवन पुनःनर्माण |
| जंगली जनावर आतंक | २०५५ साल देखि हाल सम्म (निरन्तर) | वुढीगंगा नगरपालिका का समुदाय | ५० भन्दा वढी कुखुरा, बंगुर, बाखा, गाई र भैंसी आदी । | आम नागरीकमा तनाव | प्रत्येक वर्ष कम्तीमा पनि ५ लाख वरावरको क्षती | - | वालीनाली नष्ट आदी । | - |
| सुख्खा खडेरी | २०४५साल देखि हाल सम्म (वर्षेनी) | वुढीगंगा नगरपालिका का समुदाय | - | वातावरण प्रदुषीत, विभिन्न रोगहरुको | १ करोड वरावर | वडाका सवै घरधुरी प्रभावीत | उत्पादनमा कमि, वालनालीमा रोगकिराको | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | संक्रमण | | | संक्रमण, उर्वरा शक्तिमा कमि | |
| माहामारी | २०५०साल देखी हाल सम्म | वुढीगंगा नगरपालिका का समुदाय | - | आमनागरीक त्रसित, वातावरण प्रदुषीत | ५५ लाख वरावरको क्षति | धेरै जना विरामी | - | स्वास्थ्य चौकी वाट निशुल्क उपचार |
| सडक दुर्घटना | २०६५ साल देखी हालसम्म (निरन्तर) | वुढीगंगा नगरपालिका का समुदाय | ट्रक,वस, जिप र मोटरसाईकल गरी औसतमा प्रत्येक वर्ष २ वटा क्षती हुने गरेको । | बाटोअवरुद्ध, आगजनी, बन्द,डर,त्रास | प्रत्येक वर्ष कम्तीमा पनि ९० लाख वरावरको क्षती | प्रत्येक वर्ष औसतमा १जनाको मृत्यु, २ जना घाईते हुने गरेको | – | – |
| आगलागी | २०५८ साल देखि हाल सम्म (३ पटक) | वुढीगंगा नगरपालिका का समुदाय | ४ वटा घर, गोठ जलेर नष्ट | आमनागरीक त्रसित, विभिन्न रोगहरुको संक्रमण | ४० लाख वरावर क्षती | १ जना घाईते | वातावरण प्रदुषीत, | स्थानीय समुदायवाट आगो निभाउने प्रयासहरु भएको |
| असिना | २०५० साल देखि हाल सम्म (निरन्तर) | वुढीगंगा नगरपालिका का समुदाय | – | आमनागरीक त्रसित, विभिन्न रोगहरुको संक्रमण | प्रत्येक वर्ष कम्तीमा पनि ४५ लाख वरावरको क्षती | – | उत्पादनमा कमि, वालनाली नष्ट र उर्वरा शक्तिमा कमि | – |

*स्रोत : स्थलगत अध्ययन, २०७९*

ऐतिहासिक समयरेखालाई विश्लेषण गर्दा वुढीगंगा नगरपालिकाको विगत २०४० साल देखि नै प्रकोपहरूको चपेटामा परी यस क्षेत्रका बासीन्दाहरू प्रकोपसँग जुध्न बाध्य रहेको देखिन्छ । यस क्षेत्रमा वाढी,हावाहुरी, पहिरो, खडेरी, जंगली जनावर आतंक, सडक दुर्घटना, असिना, आगलागी र माहामारी जस्ता प्रकोपले सबैभन्दा बढी प्रभाव पारेको देखिन्छ ।

**२.२ प्रकोप स्तरीकरण**

समुदायमा विगतमा भएका र भविष्यमा आइपर्नसक्ने प्रकोप तथा जलवायुजन्य घटना र जनधनको क्षति तथा उपलब्ध क्षमताका आधारमा प्रकोपको सूची तयार गरी धेरै क्षति गर्ने प्रकोप पहिचान गरी स्तरीकरण गरीएको छ ।

| प्रकोप | बाढी | पहिरो | हुरीवतास | खडेरी | जनावर आतंक | सडक दुर्घटना | आगलागी | असिना | माहामारी |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| पहिरो | | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| हुरीवतास | | | | हुरीवतास | हुरीवतास | हुरीवतास | हुरीवतास | हुरीवतास | हुरीवतास |
| खडेरी | | | | | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी |
| जनावर आतंक | | | | | | जनावर आतंक | जनावर आतंक | जनावर आतंक | जनावर आतंक |
| सडक दुर्घटना | | | | | | | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना |
| आगलागी | | | | | | | | आगलागी | आगलागी |
| असिना | | | | | | | | | असिना |
| महामारी | | | | | | | | | |
| जम्मा अङ्क | ८+१ = ९ | ७+१= ८ | ६+१= ७ | ५+१= ६ | ४+१= ५ | ३+१= ४ | २+१= ३ | १+१= २ | १+०= १ |
| स्तर | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |

*स्रोत : स्थलगत अध्ययन, २०७९*

स्तरीकरणका आधारमा हेर्दा यस बुढीगंगा नगरपालिकाको तथा समुदायमावाढी, पहिरो, हुरीवतास, खडेरी,जनावर आतंक, सडक दुर्घटनामुख्य प्रकोपको रुपमा रहेको देखिन्छ भने त्यस पछि क्रमशः आगलागी, असिना र माहामारीरहेका देखिन्छन् ।

नोट : नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा राखिएको छैन् । तर  भुकम्प पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखी योजना तर्जुमा गरीने छ ।

**२.३ जीविकोपार्जनका स्रोतहरूको पहिचान र भविष्यको अनुमान**

जीविकोपार्जनका ५ वटा पुँजीहरुमा वडाको विद्यमान अवस्था र ती पुँजीहरुमा भविष्यमा उच्च अनुकूलन क्षमताको लागि वडा तथा समुदायले कस्तो भएको देख्न चाहन्छन् भनी सहभागिमुलक विधिबाट अनुमान तथा विश्लेषण गरिएको छ । यदी जीविकोपार्जनका ५ वटा पुँजीहरुमा सुधार भएमा समुदायको अनुकूलन क्षमतामा बृद्धि भई विपदबाट हुने नकारात्मक असरबाट कम प्रभावित हुनेछन् ।

| जिविकोपार्जनका स्रोत | वर्तमान अवस्था | भविष्यको उच्च अनुकुलनको अनुमान |
|---|---|---|
| **भौतिक स्रोत** | नगरपालिका तथा समुदायहरुमा कालोपत्रे तथा कृषि ग्राभेल बाटो रहेको, वडा कार्यालय र स्वास्थ्य चौकीको आफ्नै भवन रहेको, पुलपुलेसा, विधालय, वाँध, सामुदायिक भवन तथा चर्पि रहेको, उधोग कलकारखाना रहेको र वस्तीहरुमा धेरै | कच्ची बाटोहरु पक्की, वडामा पक्की भुकम्प पर्तिरोधात्मक भवन, प्रत्येक घरमा चर्पी, सामुदायिक चर्पी, विधालयमा स्नातक कक्षा संचालन भएको हुनेछ, सेवा सुविधा उपलब्ध स्वास्थ्य चौकी भवन निर्माण भएको हुनेछ, प्रत्येक घरमा |

| | | |
|---|---|---|
| | जसो घरहरु कच्ची रहेको आदी । | खानेपानि धाराको व्यवस्था भएको हुनेछ, नदी तथा खोलामा जैवीक तटबन्धन तथा बाँधहरु भई बस्थी सुरक्षीत भएको हुनेछ । |
| **मानविय स्रोत** | कुनै कुनै समुदायमा शिक्षक रहेको, महिला सवयंसेवक, निजामती कर्मचारी, सुरक्षा कर्मि, डक्टर, ईजीनयीयर, सिकर्मी र डकर्मी रहेको, युवाहरु वैदेशीक रोजगारीमा पलायन भएको आदी । | अझै विकास तथा विस्तार गर्नका लागि अनुभव, दक्ष, तालिम प्राप्त सिकर्मी र डकर्मी हुने, नयाँ नयाँ प्रविधिको प्रयोग हुने, युवाहरुलाई स्वदेशमै रोजगार प्रशस्त पाउने आदी । |
| **प्राकृतिक स्रोत** | खेतियोग्य जमिन, खोलानाला,खानेपानिका धाराहरु भएता पनि अझै पानीको समस्या, सामुदायीक वन रहेको आदी । | खोलानाला को व्यवस्थापना हुनेछ, वालीनालीको उचित व्यवस्थापन हुनुका साथै वजारीकण हुनेछ । |
| **सामाजिक स्रोत** | केहि आमा समुहहरु रहेको, वचत कोष रहेको, कृषक समुह, विपद सम्बन्धी समिति तथा उप समितीहरु आदी । | विभिन्न आमा, महिला र आयआर्जनको समुहहरु बनी महिलाहरु सक्रिय हुने। सहकारीको विकासहुने । |
| **आर्थिक स्रोत** | वैक वित्तिय संस्थाहरु, खेतिपातिमा पुरानै शैली, रोजगारी, व्यापार व्यवसाय, मजदुरी, वैदेशीक रोजगारीआदी । | खेतिपाती गर्ने शैलीमा नयाँ प्रविधिको खोज तथा प्रयोग, विद्युतीय मेसिनहरुको प्रयोग, पर्यटन व्यवसाय, होम स्टेको विकाश भएको हुने । |

स्रोत : स्थलगत अध्ययन, २०७९

जीविकोपार्जनका स्रोतहरुको हालको अवस्था र भविष्यको अनुमान गर्दा ५ वटै स्रोतहरुका फरक-फरक नतिजा आउने महसुस गरिएको छ। मानविय स्रोतमा हाल समुदायको नेतृत्व गर्ने व्यक्ति,कर्मचारी, समाजसेवी, डकर्मी, सिकर्मी, प्रध्यापक, स्वास्थ्यकर्मी आदि रहेको र भविष्यमा नयाँ-नयाँ प्रविधिको विकास र अझ व्यवहारिक तथा दक्ष जनशक्ति उत्पादन हुनसक्ने अपेक्षा गरिएको छ। सामाजिक अवस्थामा विद्यालय, स्वास्थ्य चौकी, संघसंस्था रहेका छन भने भविष्यमा अझै सेवामुलक संघसंस्थाको वृद्धि हुनसक्ने देखिएको छ। अहिले परम्परागत कृषि र पशुमा आधारित आर्थिक स्रोत रहेको छ भने भविष्यको आर्थिक स्रोतहरुको अन्य विकल्पहरुमा उद्योग कलकारखानाहरु हुनेछन।

### २.४ जीविकोपार्जनका स्रोतहरूमा जलवायु उत्पन्न प्रकोपहरूको असर

| जीविकोपार्जनका स्रोतहरू | जलवायु उत्पन्न प्रकोपहरू | | | | | | | | | | जम्मा अंक भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी | पहिरो | हुरीव तास | खडेरी | जनाव र आतंक | सडक दुर्घटना | आग लागी | असिना | महामारी | भुकम्प | |
| **१ प्राकृतिक स्रोतहरू** | | | | | | | | | | | |
| वन जङ्गल | १ | ० | ३ | २ | ० | २ | ० | १ | ० | १ | १० |
| खोला नदी नाला | ३ | ० | २ | ० | १ | ० | ० | १ | ० | २ | ९ |

| जीविकोपार्जन का स्रोतहरू | जलवायु उत्पन्न प्रकोपहरू | | | | | | | | | | जम्मा अंक भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी | पहिरो | हुरीवतास | खडेरी | जनावर आतंक | सडक दुर्घटना | आगलागी | असिना | महामारी | भुकम्प | |
| कृषि योग्य जमिन | ३ | ३ | ३ | २ | ० | २ | ० | २ | ० | २ | १७ |
| खाने पानी | ३ | ३ | ३ | १ | ० | ० | ० | १ | ० | ३ | १४ |
| **जम्मा** | **१०** | **६** | **११** | **५** | **१** | **४** | **०** | **५** | **०** | **१५** | |
| **२ आर्थिक स्रोतहरू** | | | | | | | | | | | |
| नगद | ० | ३ | २ | १ | २ | २ | २ | १ | ० | २ | १५ |
| व्यापार | ० | २ | १ | १ | २ | ३ | ० | ० | ० | २ | ११ |
| कृषि | ० | ३ | ३ | १ | ० | १ | ० | २ | ० | २ | १२ |
| पशुपालन | २ | २ | १ | १ | ० | १ | १ | २ | १ | १ | १२ |
| वचत | १ | १ | १ | १ | २ | १ | १ | ० | ० | २ | १० |
| गरगहना | १ | ० | ० | १ | २ | १ | ० | ० | ० | २ | ७ |
| **जम्मा** | **४** | **११** | **८** | **६** | **८** | **८** | **४** | **५** | **१** | **११** | |
| **३ भौतिक स्रोतहरू** | | | | | | | | | | | |
| विधालय भवन | २ | २ | १ | २ | १ | २ | ० | ० | ० | ३ | ४८ |
| बाटो | ३ | ० | १ | २ | ३ | ० | ० | १ | ० | ३ | १८ |
| घर | ३ | २ | १ | २ | ० | ३ | ० | ० | १ | ३ | १४ |
| मन्दिर | २ | ० | ० | १ | २ | १ | ० | १ | ० | २ | ९ |
| कलकारखाना | ३ | ० | ० | २ | ० | ० | ० | ० | ० | २ | ७ |
| **जम्मा** | **१३** | **४** | **३** | **९** | **६** | **६** | **०** | **२** | **१** | **१३** | |
| **४ मानवीय श्रोतहरू** | | | | | | | | | | | |
| दक्ष जनशक्ति | १ | ३ | ० | ० | ० | ० | २ | २ | ० | ३ | २३० |
| **जम्मा** | **१** | **३** | **०** | **०** | **०** | **०** | **२** | **२** | **०** | **३** | |
| **५ सामाजिक श्रोतहरू** | | | | | | | | | | | |
| सामाजिक क्षेत्रहरु जस्तै मठमन्दिर,गुम्बा संघ संस्थाहरु, बजार क्षेत्र | २ | ३ | ० | २ | ० | १ | १ | १ | ० | १ | ४५ |
| **जम्मा** | **२** | **३** | **०** | **२** | **०** | **१** | **१** | **१** | **०** | **१** | |
| **कुल जम्मा** | **२९** | **२४** | **२२** | **२२** | **१५** | **२०** | **७** | **१५** | **२** | **४३** | |

स्रोत : स्थलगत अध्ययन, २०७९

माथिको तालिकालाई विश्लेषण गर्दा यस वडामा सबै भन्दा बढी जीविकोपार्जनका श्रोतहरुमा असर गर्ने प्रकोपको रुपमा बाढी अंक २९ सहित पहिलो प्रकोपको रुपमा देखापरेको छ भने दोस्रो अंक २४ सहित

पहिरो देखिन्छ। तेस्रोमा अंक २२ सहित हावाहुरी र खडेरी रहेको छ भने चौथोमा सडक दुर्घटना देखा परेको छ । त्यस्तै पाँचौमा जनावर आतंक र असीना रहेको छ भने छैंटौंमा आगलागी र सातौंमा माहामरी देखिन्छ । जीविकोपार्जनका स्रोतहरुमाथीको प्रभाव विश्लेषण गर्दा सबैभन्दा बढी असर आर्थिक क्षेत्रमा परेको देखिन्छ र क्रमशः प्राकृतिक, भौतिक, सामाजिक र मानविय क्षेत्रमा असर रहेको देखिन्छ ।

नोटः भुकम्पले ५ वटै क्षेत्र (भौतीक, सामाजीक, आर्थिक, मानवीय र प्राकृतीक)मा सवै भन्दा वढी असर गर्ने देखिन्छ ।

### २.५ जोखिम र समस्या विश्लेषण

समुदायमा विपद्सम्बन्धी विद्यमान समस्याको उत्पत्ति, त्यसको कारण र प्रभाव विश्लेषण गर्नका लागि समस्या वृक्ष औजारको विधि प्रयोग गरिन्छ । यसविधि अन्तर्गत वृक्षको काण्डले समस्या, जराहरूले कारण र हाँगा तथा पातहरूले प्रभावको प्रतिनिधित्व गरेको मानी वास्तविकता पहिचान गरिन्छ । विपद्जन्य जोखिम व्यवस्थापन गर्न समस्याको मूलकारण पत्ता लगाउन यो औजारको प्रयोग हुन्छ । यसका साथै जीविकोपार्जनका स्रोतहरुमाथि पहिचान भएका जोखिम वा खतराहरुले पारेका असरहरुलाई (भौतिक, सामाजिक, प्राकृतिक, मानबिय र आर्थिक) पनि उल्लेख गरिन्छ । यस विधिबाट प्राप्त नतिजालाई निम्नअनुसार सूचीकरण गरिएको छ ।

| क्रस | जोखिम तथा समस्या | मुल कारण | अन्तनिर्हित कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|---|
| १ | बाढी/पहिरो | वनजँगल विनाश, अव्यवस्थित सडक निर्माण, भौगोलिक अवस्था,चेतनाको कमी | जनसंख्या बृद्धि, जग्गा जमीन अतिक्रमण | डुवान,कटान र पटान हुनु,पानीका स्रोतहरु सुक्दै जानु, काठ दाउराहरुको अभाव हुनु, जमिन कमजोर बनाउनु र जग्गा खेति योग्य नहुनु । | बृक्षा रोपण, जैवीक तटबन्धन तथा तटबन्धन, सुरक्षीत वास स्थानको व्यवस्था, आकस्मीक कोष को व्यवस्था र पूर्वतयारी सम्बन्धी सचेतीकरण आदी । |
| २ | हुरी वतास | प्राकृतिक, वनजंगल विनास | जनचेतनाको कमी, जनसंख्या बृद्धि | छानाहरु उडाउनु, गोठहरु उडाउनु, पुलहरुमा क्षति हुनु, छानाहरुले गर्दा मान्छेहरु घाइते हुनु, जनावरहरुमा असर गर्नु, आगलागी हुनु । | छाना हरु बलीयो रुपमा वाँध्ने र उक्त समयमा सचेत रहनुपर्ने र पुर्वतयारी सम्बन्धीका कार्यक्रहरु संचालन गर्नुपर्ने । |
| ३ | खडेरी | तापक्रम बढ्नु, वनजँगल विनाश हुनु, जलवायु परिवर्तन हुनु तथा प्राकृतीक कारण | जनसंख्या बृद्धि, औधोगीककरण र वाजारीकरण | खानेपानीको समस्या हुनु, गाईवस्तुलाई खुवाउने पानीको अभाव हुनु, अन्न उत्पादनमा कमी आउनु, महामारी | साना सिंचाई, थोपा सिंचाई, ग्रीन हाउस खेती तथा प्लाष्टीक पोखरी आदी । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आउनु, भोकमरीको समस्या आउनु ,आगालागी हुनु, वालीविरुवाको विनास हुनु । | |
| ४ | जंगलीजनावर आतंक | जनचेतनाको कमी, लापरवाही, वनजंगल विनास | जनसंख्या बृद्धि | मानविय क्षति, पशुचौपायको क्षति, मानवीय त्रास | सचेतीकरण, सर्पदंश उपचार केन्द्रको स्थापना |
| ५ | सडक दुर्घटना | जनचेतनाको कमि, लापरवाही, साँघुरो वाटो, नितिनियमको पालना नहुनु आदी । | जनसंख्या बृद्धि | वर्षेनी यातायातका साधनहरुमा क्षती, मानविय क्षती, आर्थीक क्षति, आम मानीसमा तनाव आदी । | नितिनियमको पालना, दुर्घटना न्युनीकर सम्बन्धी सचेतीकरण आदी । |
| ६ | आगलागी | जनचेतनाको कमी, लापरवाही | जनसंख्या बृद्धि | घर क्षति हुनु, सम्पत्तिहरु नष्ट हुनु महत्वपूर्ण कागजातहरु नष्ट हुनु, वन्यजन्तुहरु नाश हुनु, जैविक विविधततामा ह्रास आउनु । | आगलागी सम्बन्धी न्युनीकरण र पुर्वतयारी सम्बन्धी सचेतीकरण |
| ७ | असिना | प्राकृतिक, जलवायु परिवर्तन | | वालवालीकार बृद्धहरुको मृत्युदर उच्च हुनु, तनावपुर्ण वातावरण र प्रदुषण बढ्नु आदी । | चिसो वाट बच्न वृद्ध तथा वालवालीकाहरुलाई न्यानो कपडा वितरण । |
| ८ | माहामारी | जनचेतनाको कमी, शुद्ध खानेपानीको अभाव, सुईखोप र औषधिको अभाव, स्वास्थ्य शिक्षाको कमी | जनसंख्या बृद्धि, शौचालयको प्रयोग नहुनु, वातावरण प्रदुषण | मृत्युदर उच्च हुन, भोकमरी हुनु, तनावपुर्ण वातावरण र प्रदुषण बढ्नु आदी । | खानेपानी तथा सरसफाई सम्बन्धी सचेतीकरण कार्यक्रम संचालन । |
| ९ | चट्याङ | प्राकृतिक, जलवायु परिवर्तन | | मानविय क्षति, पशुचौपायको क्षति र जमिन चिरचफारा बनाउनु, आममानिसमा तनाव आदी । | अर्थिङ सेन्टरको व्यवस्था तथा सचेतीकरणमुलक कार्यक्रम संचालन । |

स्रोत : स्थलगत अध्ययन, २०७९

**२.६ तापक्रम र वर्षाको विश्लेषण**

जल तथा मौसम विज्ञान विभागबाट स्थापना गरिएका जल तथा मौसम मापन केन्द्रको संख्या, स्थान र अवस्थाको अभिलेख राखि सम्बन्धित वडा, गाउँपालिका तथा नगरपालिकाको विगत ३० बर्ष अवधिको

बर्षा र तापक्रमको तथ्याङ्क प्राप्त गरि औसत बर्षा र तापक्रममा आएको परिवर्तन विश्लेषण गरिन्छ । यस विश्लेषणले बाढि,खडेरी, आगलागी, उब्जनी आदिको परिवर्तनका र प्रभावका बारेमा परस्पर सम्बन्ध विश्लेषण गर्न मद्धत पु-याउँछ । यस अर्न्तगत केन्द्रको प्रकार, स्थान, मापन गरिने मापदण्ड, पूर्वसूचना प्रणाली, जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रसंग जोडिएको छ वा छैन र हालको अवस्थाको बारेमा उल्लेख गर्नुपर्ने हुन्छ ।मानवीय दृष्टिकोणले हेर्दा नेपालको पश्चिमी पाहाडी भू–भागमा रहेका जिल्लाहरु अत्यन्तै जोखिममा रहेका छन्, यसमा बाजुरा जिल्ला पनि पर्दछ ।

**२.७ लक्षीत समुह छलफल**

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, अनुगमन वा परीक्षण र छुटेका विषय पत्ता लगाउन समुदायको सानो समूहमा छलफल गर्नु नै लक्षित समूह छलफल हो । समुदायका महिला, वालवालिका, सीमान्तीकृत वर्ग, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति र अलपसंख्यक समेत सबै वर्गलाई समेटेर यसप्रकारको छलफल गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा बुढीगंगा नगरपालिकाका स्थानीय वासीन्दाहरुको सहभागीलाई समान रूपले आफ्ना विचार र भनाइ राख्न प्रोत्साहित गरीएको थियो । विपद् तथा जलवायु परिवर्तनका कारण त्यस वडाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा, वन तथा जैबिक विविधता, जलवायु जन्य प्रकोप, जलस्रोत र उर्जा, भौतिक पूर्वाधार, मानव स्वास्थ्य आदि क्षेत्रहरुमा ३० बर्ष पहिले र हाल महसुस गरिएका असर तथा प्रभाब एवं भबिष्यको अनुमानका बारेमा छलफल गरि निम्नअनुसारको ढाँचामा सूचीकृत गरीएको छ । :

**वुढीगंगा नगरपालिका वडा नं.४:अमलासैन**

समूह : दलीत, जेष्ठ नागरीक/महिला/अपाङ्गता/वालवालीका आदी

| क्र. सं. | समस्या | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | भविष्यको अनुमान | कै. |
|---|---|---|---|---|---|
| १ | **जीविकोपार्जन तथा खाद्य सुरक्षामा असर** | -पशुपालनमा सहजता<br>-प्रशस्त मात्रामा अन्नवाली हुने<br>-बालीविरुवामा रोगको कमी<br>-पशुचौपायलाई औषधी खुवाउन नपर्ने<br>-परम्परागत खेती प्रणाली<br>-अर्गानीक खेती<br>-माटोको उर्वरा शक्ति भएको<br>-रैथाने विऊको मात्रा प्रयोग हुने गरेको | -पशुजन्य ( भेडा, बाखा, कुखुरा) उत्पादनमा कमी<br>-रैथाने विऊको लोप हुदै जानु र हाइब्रेट बिउको मात्रामा बढी प्रयोग हुनु<br>-पशु तथा खेती बालीमा विभिन्न नयाँ नयाँ रोगहरु लाग्नु र बढी औषधीको मात्रामा प्रयोग गर्नु पर्ने<br>-पशुचौपायको सङख्यामा पनि कमी<br>-आधुनीक खेती प्रणाली अपनाई बढी मात्रामा रासायनीक मलको प्रयोग भएको । | उत्पादनमा तुलनात्मक रुपमा ह्रास आउने<br>-पशुपालनमा चुनौती देखा पर्ने (चरिचरणमा कमी, वनजँगल विनाश)<br>-खाद्यन्नको कमी भई भोकमरीको समस्या आउने<br>-बाली विरुवामा प्रयोग गरेको विषादीले मानिसमा पनि विभिन्न प्राण घातक रोगहरु आउने<br>-पशुपालन तथा खेतीपाती व्यवसाय नै छोडेर मानिस शहर मुखी बन्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | -माटोको उर्वारा शक्ति धेरै कम भएको । | -खेती योग्य जमिन मरुभुमीमा परिणत हुने | |
| २ | **मानव स्वास्थ्य, खानेपानी,** सरसफाइ | -पोषणयुक्त खानाको कारण मानिसहरुको आयुमा वृद्धि<br>-अत्यधिक चिसोको कारण शिशुहरुको मृत्युदर उच्च<br>-स्वास्थ्य चौकीको अभाव<br>-स्वास्य तथा सरसफाई सम्बन्धी जनचेतना नहुनु | पोषणयुक्त खानाको अभाव, रासायनिक मलयुक्त खाद्यान्नका कारण विभिन्न रोग, महामारी फैलीरहेको ।<br>वातावरण प्रदुशित आदी । | - पोषणयुक्त खानाको अभाव बढ्ने<br>-महामारी तथा अन्य रोगहरुको सङक्रमण बढ्ने । | |
| ३ | **वन तथा जैविक विविधता** | -घना वनजंगल<br>-जँगली जनावर, पँक्षी, जडिबुटिहरु बढि परिमाणमा रहेको (बाघ, भालु, बँदेल, घोरल, थार, कस्तुरी, मृग, डाँफे र मुनाल प्रशश्तमात्रामा रहेको ।<br>-प्रशस्त मात्रमा जडीबुटी पाइने<br>-काठ, दाउरा प्रशस्त मात्रामा पाइन्थ्यो । | वन्य जन्तुहरुको आश्रय स्थलको विनाश भएको जसको परिणाम वन्य जन्तुहरु लोप हुँदै गएको<br>-वनस्पतिहरुको प्रजातिहरु घट्दो क्रममा, वनपैदावर घट्दो क्रम<br>-जँगली जनावर, पँक्षी, जडिबुटिहरु को परिमाणमा दिनप्रतिदिन घट्दै गएको | -अधिकांश वन्यजन्तु लोप हुने अवस्था<br>-जडिबुटि, वोटबिरुवाहरुको संख्यामा कमी आउने<br>- मरुभुमीको सम्भावना<br>-घाँस दाउराको लागी दुख हुने | |
| ५ | **जलश्रोत तथा उर्जा** | -मुसलधारे वर्षा, अत्यधिक हिमपात, प्रशस्त मात्रामा मुहानहरु फुट्थ्यो।<br>-बाह्रै महिना पानी बगिरहने नदीनाला तथा खोलाहरु | वर्षातमा अनियमितता (अतिवृष्टि, अनावृष्टि)<br>-पानीका श्रोतहरु सुक्ने क्रम बढ्दो<br>-सिंघियाखोलामा पानीको मात्रामा कमि | अतिवृष्टि, अनावृष्टिको अधिकतम सम्भावना<br>-पानीको श्रोतहरु सुकेर जाने प्रवल सम्भावना<br>-जैविक उर्जाको प्रयोगमा कमी | |
| ६ | **बसोबास तथा पूर्वाधार** | -ढुंगा, माटोको घर, खरको चार पाखे छानो, सडक, विद्युत, मोबाइल फोन, खानेपानी योजना केहि थिएन ।<br>-संचारको लागि चिठीपत्रको चलन थियो । | कुश र कर्कटपाताको छानो केहि मात्रामा ढलान गरिएका घरहरु पनिरहेको । कच्ची सडक, विद्युत को व्यापक विकास भएको छ , खानेपानी वितरण प्रणालीको विकास भएको छ । | दिगो विकासमा जोड दिनुपर्ने ।<br>बसोबास योग्य, खेतीयोग्य जमिनको पहिचान गरि बसोबास र खेति गर्नुपर्ने ।<br>एकीकृत बस्तिको मोडेलमा जानुपर्ने । | |

*स्रोत : स्थलगत अध्ययन, २०७९*

**२.८ प्रकोप पात्रो**

प्रकोपको अवस्थामा आएको परिवर्तन बारे जानकारी हाँसिल गर्न यस पात्रोको सहयोग लिने गरिन्छ। यसमा कुन समयमा कुन प्रकोप हुन्छ भनेर पत्ता लगाई त्यसको समयरेखा तयार गरी करिब ३० वर्ष पहिले र हालको तुलनात्मक अध्ययन गरीएको छ ।

| प्रकोप | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी/पहिरो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| माहामारी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हुरीवतास | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असीना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जंगली जनावर | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सडक दुर्घटना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

*स्रोत : स्थलगत अध्ययन, २०७९*

### २.९ मौसमी पात्रो

स्थानीय मौसम र मौसमी अवस्थामा आएको परिवर्तन बारे जानकारी हाँसिल गर्न यस पात्रोको सहयोग लिने गरिन्छ । मौसमी पात्रो सम्बन्धि जानकारी हाँसिल गर्न विगतका करिब ३० वर्ष पहिले र हालको तुलनात्मक अध्ययन गरिन्छ । यस विधिको प्रयोगबाट समुदायमा रहेका वा देखापर्ने मुख्य मुख्य मौसमी घटनाहरु के के हुन् र उक्त मौसमी घटनामा समुदायले के कस्तो परिवर्तको महसुस गरेका छन् भन्ने जानकारी सङ्कलन गरिएको थियो।

| विवरण | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मि | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| तुषारो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

*स्रोत : स्थलगत अध्ययन, २०७९*

### २.१० बाली पात्रो

प्रस्तुत औजार समुदायमा जीविकोपार्जनका लागि कुन कुन समयमा कुनकुन उत्पादन प्रणाली तथा उत्पादन प्रणाली भित्रका कृयाकलापमा निर्भर छन् जानकारीका लागि प्रयोग गरिएको थियो । यसका अतिरिक्त कुन समयमा के कस्ता क्रियाकलापरु हुन्छन् र विगत र अहिलेको उत्पादन प्रणालीमा के कस्तो परिवर्तन देखा पऱ्यो भन्ने जानकारी पनि यसै औजार मार्फत सङकलन गरिएको थियो ।

| विवरण | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानरोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मकै बुने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ बुने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| कोदो वुने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जौं बुने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

*स्रोत : स्थलगत अध्ययन, २०७९*

बाली पात्रोलाई विश्लेषण गर्दा उत्पादन प्रणालीमा परिवर्तन आएको देखिन्छ । तर खेती गर्ने समय र अन्न भित्राउने समयमा खासै फरक परेको छैन ।

### २.११ वुढीगंगा नगरपालिकाको नक्साङ्कन

**राख्न वाकी**

*स्रोत : स्थलगत अध्ययन, २०७९*

माथी उल्लेखित मौसमी पात्रो, समय रेखाको विश्लेषणको माध्यमबाट एकिन गएिका प्रमुख प्रकोपले प्रभावित पारेका क्षेत्रलाई वडाको नक्सामा चित्रित गर्न यो विधीको प्रयोग गरिएको छ । सहभागितामूलक तरिकाले तयार गरिएको माथि उल्लेखित यस स्रोत नक्सामा जलवायुजन्य प्रमुख प्रकोप दोहोरिन सक्ने स्थान र प्रभावित हुन सक्ने वस्ती तथा समुदाय देखाइएको छ ।
यस विधीको प्रयोग गरी यस वडामा भएका जलवायुजन्य प्रकोपहरुबाट वडा भित्रको कुन क्षेत्रका कुन समुदाय कस्तो प्रकोपले बढी प्रभावित छन भन्ने कुरा विश्लेषण गरिएको छ ।

## २.१२ प्रकोप विश्लेषण

नगरपालिका,वडा तथा समुदाय भित्र हुने प्रकोप, त्यसको कारण र प्रभावको पहिचान गर्नु पर्छ । यसको लागि माथि उल्लिखित सबै खालका प्रकोप, जोखिमको पहिचान, प्रकोप हुने महिना र ऐतिहासिक समयरेखाको आधारमा प्रकोपको आवृत्ति र त्यसको मूल कारण तथा सम्भावित समाधानका उपायहरु के के हुनभनेर पहिचान गरी निम्नबमोजिमको ढाँचामा देखाईएको छ ।

**वुढीगंगा नगरपालिका**

| क्र.स. | समस्या अथवा प्रकोप | कारण | कारक तत्व | प्रभाव | जेखिम न्युनिकरणका लागी पहिचान भएका उपायहरु |
|---|---|---|---|---|---|
| १ | नगरपालिका का पहिरो आउने क्षेत्र र नदी किनारका क्षेत्रहरु डुवान, कटान आदी | बाढी/पहिरो | भौगोलिक अवस्था, अव्यवस्थित विकास, विकास योजनामा ध्यान नदिनु, भूव्यवस्थापन नहुनु | मनोबैज्ञानीक असर,मानविय क्षति हुनसक्ने, भौतीक क्षति,आर्थिक क्षती | • तटबन्धन<br>• बृक्षारोपण,<br>• जनचेनता<br>• पुनश्थापना |
| २ | उत्पादनमा कमी, खानेपानीका मुलहरु सुक्नु | खडेरी | वन तथा मुलहरुको संरक्षण नहुनु | खेती योग्य जमिन बाझै रहेको, खाध्यान्न खरिद गरी खानुपर्ने, भोकमरी आदी | • बृक्षारोपण,<br>• जनचेनता<br>• मुलहरुको संरक्षण<br>• कृषि सम्बन्धी तालीम तथा आधुनिकीकरण |
| ३ | वालीनाली नष्ट, बस्तुभाउको क्षती | जंगली जनावर आतंक | वनजंगल विनास लापवरवाही, | मनोबैज्ञानीक असर, मानविय क्षति हुनसक्ने, | • वनजंगल संरक्षण<br>• वृक्षारोपण |
| ४ | विधालय,घर, गोठका छानाहरु उडाउनु, घाईते हुनु | हुरी वतास | प्राकृतिक | भैतीक क्षती सामाजिक तनाव, मानवीय क्षती, आर्थिक क्षति | • बृक्षारोपण,<br>• जनचेनता<br>• मुलहरुको संरक्षण<br>• कृषि सम्बन्धी तालीम तथा आधुनिकीकरण |
| ५ | घर, गोठ, समुदाय तथा वनजंगल जलेर नष्ट | आगलागी | हेलचक्राई, जनचेतनाको कमी | भैतीक क्षती सामाजिक तनाव, मानवीय क्षती, आर्थिक क्षति | • आगलागी नियन्त्रण सम्बन्धी तालीम<br>• अग्नीरेखाको व्यवस्थापन<br>• जनचेतनामुलक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यक्रम संचालन |
| ६ | धन जनको क्षती | सडक दुर्घटना | हेलचक्राई, जनचेतनाको कमी, नितिनियम पालना नगर्नु | भैतीक क्षती सामाजिक तनाव, मानवीय क्षती, आर्थिक क्षति | • नितिनियमको पालना<br>• जनचेनता |
| ७ | वालीनाली नष्ट, बस्तुभाउको क्षती | असिना | प्राकृतिक | मनोबैज्ञानीक असर, आर्थिक क्षति | • वनजंगल संरक्षण<br>• वृक्षारोपण |
| ८ | विरामी हुनु, अकालमै मृत्यु, कुपोषण,प्रजनन सम्बन्धी समस्या | माहामारी | सरसफाईमा ध्यान नदीनु, नियमित स्वास्थ्य परिक्षण नगराउनु, परम्परागत र जनचेतनाको कमी | सामाजिक तनाव, मानवीय क्षती, आर्थिक क्षति | • जनचेनता<br>• सरफाई सम्बन्धी कार्यक्रम<br>• स्वास्थ्य सिविर सँचालन<br>• पोषण सम्बन्धी तालीम तथा व्यवस्थापन<br>• सुत्केरी आमा तथा वच्चाहरुको लागी विशेष कार्यक्रम |

*स्रोत : स्थलगत अध्ययन, २०७९*

**२.१३ नगरपालिकाको संकटासन्नता स्तरीकरण**

**क) प्रकोपको सन्दर्भमा समुदायहरुको संकटासन्नता स्तरीकरण**

वाढी, हुरीवतास,पहिरो, खडेरी, जंगली जनावर आतंक, आगलागी, सडक दुर्घटना, माहामारी, असिना लगायतका प्रकोपहरुका कारण उत्पन्न हुने वुढीगंगाको विपद्को समुदाय स्तरीय सङ्कटासन्नता निम्नअनुसार स्तरीकरण गरिएको छः ।

वडा,सिमलकोट,बल्देउ,बाम्का, वाजुगाड,वेल्काट्या,वोरावाडा,फैती,निमती,नुवाघर,कोट,लेनसायल,खोडालवाडा, वसाली सेरा, सेरा वजार, अम्कोट आदी ।

| समुदाय तथा वस्तीहरुको नाम | जम्मा | (१) उच्च संकटासन्नता | (२) मध्यम संकटासन्नता | (३) न्युन संकटासन्नता | पुष्ट्याइका आधारहरु |
|---|---|---|---|---|---|
| फालासैन, वल्दे,पिपलकोट, वेतालमाण्डौ,अम्लासैन, अम्कोट,जुवापाी, सेरालवडा, देउली सैन,मोटा वडा, | ६२२० घरधुरी | २५३० घरधुरी | २१३० घरधुरी | १५६० घरधुरी | १) **उच्च संकटासन्नताः** खोलाको किनारमा घर भएको, पहीरो जाने क्षेत्रमा घर भएको, वाटोघाटो असुवीधा, विपन्न वर्ग आदी ।<br>२) **मध्यम संकटासन्नताः**खुल्ला क्षेत्रमा घर भएको, वाटोघाटो सुवीधा, मध्यम |

| | | | | | |
|---|---|---|---|---|---|
| सिमलकोट,बल्देउ,बाम्का, वाजुगाड,वेल्काट्या,वोरावाडा ,फैती,निमती,नुवाघर, कोट,लेनसायल,खोडालवाडा, वसाली सेरा, सेरा वजार, अम्कोट | | | | | वर्ग आदी ।<br>१) **न्युन संकटासन्नता:** सुरक्षित स्थानमा घर भएको, ग्रेवल तथा कालो पत्रे वाटोको सुविधा भएको, सम्पन्न वर्ग आदी । |

- कुल जम्मा घरधुरी ६२२०
- महिला १६४३०पुरुष १४६७८गरी कुल जम्मा जनसंख्या ३११०८जना
- अपाङ्ग (वोल्न नसक्ने, शारीरीक, मानसीक, देख्न नसक्ने र कान नसुन्ने) गरी जम्मा ७१ जना
- कुपोषित वालवालीका १२ जना
- ५ वर्ष मुनी ४५६० जना
- ६ देखि १२ वर्ष ५३५ जना
- १३ देखि १८ वर्ष ३९८० जना
- १९ देखि ५९ वर्ष ११६९३ जना
- ६० वर्ष भन्दा माथी ६३४० जना

*स्रोत : स्थलगत अध्ययन, २०७९*

## २.१४ वुढीगंगा नगरपालिका को क्षमता विश्लेषण

### २.१४.१ स्रोतको उपलब्धता तथा पहुँच

वडा तथा समुदायमा भएको क्षमता पत्ता लगाउन निम्नअनुसार फारम प्रयोग गरीएको छ । यो फारम समुदायमा भएका स्रोतहरू सङ्कलन गर्दै नगरपालिका तथा वडाको एकीकृत क्षमताको सूची तयार गरिने छ ।

| विवरण | नाम र रहेको स्थान | सङ्ख्या | क्षमता | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| **भौतिक स्रोत** | | | | | |
| पुल पुलेसा (झोलुङ्गे) सहीत | नगरपालिका भित्र | १६ वटा | पैदल हिड्ने | २ वटा जोखीममा | |
| सडक तथा वाटो | नगरपालिका भित्र | ९ वटा | यातायातका साधनहरु चल्ने र कृषि शाखा वाटो | १ वटा कालो पत्रे, वाँकी ग्राभेल र कच्ची | |
| वाँध | नगरपालिका भित्र | ३२ वटा | ३५० घरधुरीलाई संरक्षण भएको | जिर्ण | |
| विद्यालय | नगरपालिका भित्र | ४८वटा | विधार्थिहरुलाई अध्ययन गर्न मिल्ने | केही विद्यालयकाका भवन जिर्ण | |
| संचारका साधन | नगरपालिका भित्र | ७६०० वटा | मेवाइल, टेलीभिजन र रेडीयो | राम्रो | |

| | | | | | |
|---|---|---|---|---|---|
| यातायतका साधन | नगरपालिका भित्र | १२० वटा | जिप, पिकअप, ट्याक्टर, मोटर साईकल | राम्रो | |
| पशु सेवा | नगरपालिका भित्र | १ वटा | पशुको चेकजाँच गर्न मिल्ने | राम्रो | |
| कृषि सेवा | नगरपालिका भित्र | १ वटा | समुदायहरुलाई कृषि सेवा प्रदान | राम्रो | |
| वडा कार्यालय | नगरपालिका भित्र | ११ वटा | सेवा प्रदान | राम्रो | |
| हुलाक | नगरपालिका भित्र | १ वटा | सेवा प्रदान | राम्रो | |
| स्वास्थ्य चौकी | नगरपालिका भित्र | ११ वटा | सेवा प्रदान | राम्रो | |
| सामुदायीक चर्पि | नगरपालिका भित्र | १ वटा | सेवा प्रदान | राम्रो | |
| **मानव संसाधन** | | | | | |
| विपद तथा जलवायु उत्थानशील समिति | नगरपालिका भित्र | २१ जना | वडा भित्र रहेका समुदायहरु लाई सहयोग गर्न सक्ने । | सकृय | |
| शिक्षक | नगरपालिका भित्र | २२५ जना | प्रा.वि.,आधारभुत र मा.वि. तह सम्मका | स्थायी,अस्थायी र निजिश्रोत | |
| महिला स्वास्थ्य स्वंसेवीका | नगरपालिका भित्र | १०८ जना | तालीम प्राप्त र अनुभवी | राम्रो | |
| कर्मचारी | नगरपालिका भित्र | २०० जना | स्थायी, अस्थायी गरी | राम्रो | |
| कृषी तथा पशु सेवा प्राविधिक | नगरपालिका भित्र | ८जना | नगरपालिका भित्र सेवा दिन सक्ने | राम्रो | |
| तालीम प्राप्त सिकर्मी,डकर्मी | नगरपालिका भित्र | ३० जना | अनुभवी | तालीम प्राप्त | |
| आर्मि,प्रहरी र शसस्त्र प्रहरी | नगरपालिका भित्र | ४२ जना | सुरक्षा दिने | राम्रो | |
| तालीम प्राप्त पौडी वाज | नगरपालिका भित्र | ०जना | अनुभवी | तालीम प्राप्त | |
| प्राथमीक उपचार टोली | नगरपालिका भित्र | १२ वटा | अनुभवी | तालीम प्राप्त | |
| विपद सम्बन्धी तालीम लिएको | नगरपालिका भित्र | ६५ जना | विपद जोखिम न्युनिकरण तथा जलवायु परिवर्तन सम्बन्धी क्षमता अभिबृत्ति | ठिकै | |
| **सामाजिक स्रोत** | | | | | |
| सामुदायीक भवन | नगरपालिका | ४ वटा | पक्कि | राम्रो | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भित्र | | | | |
| पाटी पौवा | नगरपालिका भित्र | ८ वटा | छैन | छैन | |
| खानेपानी | नगरपालिका भित्र | | | | |
| मठ, मन्दिर | नगरपालिका भित्र | १० वटा | सवैले पुजा गर्न मिल्ने | राम्रो | |
| **सामाजिक संरचना** | | | | | |
| महिला/आमा समूह तथा आयआर्जनमा सक्रिय | नगरपालिका भित्र | ८८ वटा | सवै समुदायलाई समेटेको | सकृय | |
| अपाङ्गता भएका व्यक्तिहरुको समूह तथा समिति | नगरपालिका भित्र | १ वटा | वडा लाई समेटको । | सकृय | |
| निर्णय तहमा भएका महिला | नगरपालिका भित्र | १२० जना | वडा, नगरपालीका र जिल्ला सम्म पहुँच भएका | राम्रो | |
| युवा तथा वाल क्लबहरु | नगरपालिका भित्र | १२ वटा | वडा लाई समेटको । | राम्रो | |
| विपद व्यवस्थापन समिति | नगरपालिका भित्र | १२ वटा | वडा र समुदाय स्तरमा | राम्रो | |
| **आर्थिक स्रोत** | | | | | |
| व्यापार व्यवसाय | नगरपालिका भित्र | ३२५ वटा | किराना, होटल, तरकारी, फलफुल लगाएत | राम्रो | |
| बचत समूह | नगरपालिका भित्र | ३६ वटा | वडाका सवै समुदायहरुलाई समेटेको | मध्यम | |
| बैक तथा वित्तिय संस्था | नगरपालिका भित्र | ३ वटा | वडाका सवै समुदायहरुलाई समेटेको | राम्रो | |
| सुरक्षीत स्थान | नगरपालिका भित्र | छैन | छैन | छैन | |
| **प्राकृतिक स्रोत** | | | | | |
| खेतीयोग्य भूमि | नगरपालिका भित्र | अनुमानीत १२०८० रोपनी | बाह्रैमास खेती गर्न मिल्ने | सिंचाईको व्यवस्था पर्याप्त नभएको | |
| नदीनाला | नगरपालिका भित्र | २२ वटा | वडालाई सिंचाईको व्यवस्था गर्न मिल्ने, र माछा वाट जिविकोपार्जन | अव्यबस्थित र प्रदुषित | |
| खेर गएको जमिन | नगरपालिका भित्र | ४५६० रोपनी जती | वृक्षारोण तथा नर्षरी वनाउन मिल्ने | जिर्ण | |
| प्राकृतिक धारा वा मुल | नगरपालिका भित्र | २४ वटा | खानेपानी र सिंचाई गर्न मिल्ने | १४ वटा जिर्ण | |

| | | | | | |
|---|---|---|---|---|---|
| सिचाई कुलो | नगरपालिका भित्र | १८ वटा | सिंचाई गर्न मिल्ने | | |
| सामुदायीक वन | नगरपालिका भित्र | ५ वटा | समुदायलाई घाँस दाउरा गर्न | राम्रो | |
| **खेती गरिने मुख्य बाली** | **लगाउने समय** | **बाली थन्क्याउने समय** | **उत्पादन (मे. टन)** | **प्रयोग गरिने मल** | **बिउको उपलब्धता** |
| धान | जेठ, असार, साउन | भदौ,असोज, कात्तिक | | रासायनिक, गोवरमल | परामपरगत |
| मकै | जेष्ठ,असार | साउन भदौ | | रासायनिक, गोवरमल | परामपरगत |
| गहुँ | कार्तिक,मंसिर | चैत्र, वैशाख | | रासायनिक, गोवरमल | परामपरगत |
| कोदो | जेष्ठ,असार | असोज कार्तिक | | रासायनिक, गोवरमल | परामपरगत |

*स्रोत : स्थलगत अध्ययन, २०७९*

यस नगरपालिकामा प्रकोपसँग सामना गर्नसक्ने साधन स्रोत तथा क्षमता प्रयाप्त मात्रामा भएको पाइदैन । वडामा प्रकोपको सामान गर्नको लागि वनजंगल भए पनि व्यवस्थीत नभएको, दक्ष मानव शक्तिको कमी भएको देखिन्छ । त्यस्तै स्वयमसेविकाहरुलाई थप तालिमहरु दिनुपर्ने देखिन्छ । बाढी, हुरीवतास, पहिरो, खडेरी, माहामारी, आगलागी, सडक दुर्घटना, जंगली जनावर आतंक यस भेगका मुख्य प्रकोपहरु भएकाले वनजँगल संरक्षण, वृक्षा रोपण का साथै जनचेतना र ट्राफिक नियमहरुमा कडाई गर्नुपर्ने देखिन्छ। पुलहरु र वाटोघाटोहरु कच्ची अवस्थामा रहेको छ। तसर्थ यी कमजोरीहरुलाई सुधार गरी यस वडाका बासिन्दाहरुको अनुकुलन क्षमता बढाउनु पर्ने टडकारो आवश्यक देखिन्छ।

**२.१४.२ संस्थागत विश्लेषण वा सम्बन्ध चित्र**

यसवुढीगंगा नगरपालिकाका मा विपद जोखिम न्युनीकरण, जलवायु परिवर्तन अनुकलन तथा जीविकोपार्जन सुधार र समुदाय विकासका लागि विभिन्न संस्थाहरुले आफ्नो बार्षिक कार्यक्रम मार्फत टेवा पुर्‍याएका छन् । कुनै पनि स्थानीय विकासमा सेवा प्रदायक संघ संस्था, निजि संस्था, सार्वजनिक संघ संस्था,नागरिक समाज एवं सञ्जालका सदस्यहरुको अहम भूमिका रहन्छ । जलवायु परिवर्तनका सवालमा आर्थिक, प्राविधिक तथा सहजिकरण सहयोग गर्न सक्ने संघ, संस्था तथा निकायहरु पहिचान गरी सो संस्थाहरुको सम्भावित भुमिका र अपेक्षित सहयोगको बारेमा देहाय बमोजिम उल्लेख गरिएको छ ।




**अनुकुलनको सहभागितामुलक चित्रण**

आगामी दिनमा यस विपद तथा जलवायु उत्थानशील योजना कार्यान्वयनमा सबैको साथ र सहयोग आवश्यक हुन जान्छ । यसका लागि वडा तथा नगरपालीका स्तरीय विपद तथा जलवायु उत्थानशिल समन्वय समितिले नगरपालीका,जिल्ला तथा स्थानीयस्तरमा रहेका निम्न बमोजिमका सम्पूर्ण सरकारी तथा गैरसरकारी संघ सस्थाहरुमा सहयोगका लागि बेला बेला अन्तर्क्रिया गर्ने, पत्राचार गर्ने तथा निरन्तर सम्पर्क र समन्वय गरी समुत्थानशील योजना कार्यन्वयन गर्नुपर्दछ ।

| क्र.सं. | कार्यालय सङ्घसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | *विपद् पूर्व* | *विपद्को समयमा* | *विपद् पश्चात* |
| १ | जिल्ला प्रशाशन कार्यालय | मार्तडी | २ घण्टा | विपद तथा जलवायु परिवर्तन सम्बन्धि जनचेतना जगाउने, आकस्मिक कोषको व्यवस्था गर्ने, गै.स.स. सगँ समन्वय गर्ने, वडाकार्यालय सगँ सम्बन्धित आँकडाहरु तयार गर्ने । | सरकारी तथा गै.स.स. सगँ समन्वय गर्ने र निरिक्षण गर्ने, राहत वितरणमा सहयोग गर्ने, सुचनाहरु प्रवाह गर्ने, विवाह दर्ता जन्म दर्ता, मृत्यु दर्ता, नागरीकता सिफारीस आदी । | खोज तथा उद्धार कार्यमा सहयोग गर्ने, अन्य दातृ सँस्थाहरुसँग सहयोगको माग गर्न सहयोग गर्ने, सहयोग र समन्वय गर्ने, क्षति विवरण संकलन कार्यमा सहयोग गर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | स्वास्थ्य चौकी | प्रत्यक वडाहरुमा | नजिक | स्वास्थ्य सम्बन्धि जनचेतना जगाउने, सरसफाई अभियान संचालन गर्ने, औषधिहरुको पुर्व तयारी आदी । | प्राथमिक उपचार गर्ने, औषधि व्यवस्थापन गर्ने, स्वास्थ्य सम्बन्धि सल्लाह सुझाव दिने । | घाइतेहरुको उपचार गर्ने, स्वास्थ्य शिविर सञ्चालन गर्ने । |
| ३ | वडा कार्यालय | प्रत्यक वडाहरुमा | नजिक | विपद तथा जलवायु परिवर्तन सम्बन्धि जनचेतना जगाउने, आकस्मिक कोषको व्यवस्था गर्ने, सरकारी तथा गै.स.स. सगँ समन्वय गर्ने । | सरकारी तथा गै.स.स. सगँ समन्वय गर्ने र निरिक्षण गर्ने, राहत वितरणमा सहयोग गर्ने, सुचनाहरु प्रवाह गर्ने, विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, नागरिकता सिफारीस आदी । | खोज तथा उद्धार कार्यमा सहयोग गर्ने, अन्य दातृ सँस्थाहरुसँग सहयोगको माग गर्न सहयोग गर्ने, सहयोग र समन्वय गर्ने, क्षति विवरण संकलन कार्यमा सहयोग गर्ने । |
| ४ | सुरक्षा निकायहरु | नगरपालिका भित्र | नीजकै | शान्ती सुरक्षा कायम गर्ने, आपतकालीन सम्पर्क नम्बरहरुको वारेमा जानकारी गराउने । | राहत वितरण र सुरक्षाको अनुभुति गराउने र जोखिमयुक्त ठाँउमा प्रवेष निषेध गर्ने । | खोज तथा उद्धार उद्धार गर्ने, आपतकालिन सहयोग गर्ने र सुरक्षा प्रदान गर्ने । |
| ५ | एफ.एम.हरु | नगरपालिका भित्र | १ घण्टा | विपद तथा जलवायु परिवर्त सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने । | जोखिम युक्त स्थानहरुको पहिचान गरी आम समुदायलाई सचेत गराउने । | विपद वाट भएका प्रभावहरुलाई निश्पच्छ रुपमा प्रचार प्रसार गरी उद्धारका लागि पहल गर्ने । |
| ६ | रेडक्रस | मार्तडी | अनुमानीत ३५ कि.मि. | प्राथमिक उपचार तालिम, सामुदायिक विपद जोखिम व्यवस्थापन तालिम, आगलागी नियन्त्रण गर्ने सामग्रीहरुको पुर्वतयारी | राहत तथा सामग्री वितरण, प्राथमिक उपचार सेवा | खोज तथा उद्धारमा सहयोग, समन्वय, आकंडा संकलनमा सहयोग |
| ७ | एकीकृत सेवा केन्द्र | नगरपालीका भित्र | १ घण्टा | विकास निर्माण, कृषि तथा पशु सम्बन्धी तालीम, घटना दर्ता, सिफारिस, र सहकार्य | आर्थिक सहयोग | अनुदानको व्यवस्था, क्षति विवरण तथा तथ्याकं सकंलनमा सहयोग |
| ८ | जि. स. स. | मार्तडी | अनुमानीत ३५ कि.मि. | उद्धारमा सामग्री जुटाउनमा सहयोग | उद्धार तथा राहतको लागि सहयोग | प्रभावित समुदायको लागि राहत सहयोग |
| ९ | विपद तथा जलवायु उत्थानशील समिती | न्गारपालिका तथा वडा हरुमा | नजिक | विपद तथा जलवायु परिवर्तन सम्बन्धी क्षमता अभिबृद्धि तालीम, आकस्मीक कोषको लागि वकालत गर्ने । | सरकारी तथा गै.स.स. सगँ समन्वय गर्ने र निरिक्षण गर्ने, राहत वितरणमा सहयोग गर्ने, सुचनाहरु प्रवाह गर्ने, | खोज तथा उद्धार कार्यमा सहयोग गर्ने, अन्य दातृ सँस्थाहरुसँग सहयोगको माग गर्न सहयोग गर्ने, सहयोग र समन्वय गर्ने, क्षति विवरण संकलन कार्यमा सहयोग गर्ने |
| १० | गै.स.स. | मार्तडी | अनुमानीत ३५ कि.मि. | बालबालिकाहरुलाई बाल शिक्षा, समुदायहरुलाई केन्द्रित गरी विपद तथा जलवायु परिवर्तन लक्षित कार्यक्रमहरु | राहत वितरण, न्यानो कपडा वितरण, मनोवैज्ञानिक परामर्श, स्टेशनरी सामग्रीहरु | खोज तथा उद्धार, विद्यालय भवन निर्माणमा सहयोग |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | वितरणमा सहयोग । | |
| ११ | विद्यालय | प्रत्यक वडाहरुमा | नजिक | विपद तथा जलवायु परिवर्तन सम्बन्धि पठनपाठन, विद्यालयमा सुरक्षित स्थानको पहिचान तथा व्यवस्था । | विद्यार्थीहरुलाई सुरक्षित स्थानमा राख्ने, प्राथमिक उपचारको व्यवस्था गर्ने | विपदमा परेका लाई उद्धार, राहत वितरण तथा सुरक्षीत स्थानमा स्थान्तरण । |
| १२ | स्थानीय क्लब,समूह तथा संघ संस्था | प्रत्यक वडाहरुमा | नजिक | विपद सम्न्धी जनचेतना, सडक नाटक गर्ने | विपदमा परेकाहरुको निश्पच्छ रुपमा तथ्यांक संकलन, सुरक्षीत स्थानको पहिचान आदी । | राहत वितरण गर्ने, दातृ निकाय सँग समन्वय गर्ने |
| १३ | उधोग वाणीज्य | मार्तडी | अनुमानीत ३५ कि.मि. | आकस्मीक कोषमा सहयोग, वातावरण सरसफाईमा सहयोग | राहत वितरण, न्यानो कपडा वितरण, मनोवैज्ञानिक परामर्श, स्टेशनरी सामग्रीहरु वितरणमा सहयोग । | खोज तथा उद्धार, विद्यालय भवन निर्माणमा सहयोग |

*स्रोत : स्थलगत अध्ययन, २०७९*

# परिच्छेद ३ : दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

### ३.१ दिर्घकालिन सोंच

वुढीगंगा नगरपालिका मा विपद् जोखिम न्यूनीकरण तथा जलावयुजन्य जोखिम ब्यवस्थापनका कार्यलाई संस्थागत गरी विपद् उत्थानशील समुदायको निर्माण गर्ने ।

### ३.२ परिदृश्य

गरीब, सकंटासन्न र सामाजिक बहिष्करणमा रहेका समुदाय र उनीहरुको घर स्तरमा रहेको कुपोषण र कमजोर स्वास्थ्य तथा अन्य प्रकोपजन्य र जलवायुजन्य विपद् जोखिम न्यूनीकरणका तथा जलावयुजन्य जोखिम ब्यवस्थापनका क्रियाकलापहरुमा समुदायको अधिकतम सहभागिता मार्फत हरेक समुदायको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयन गर्ने । विपद्बाट हुने मानविय,

सामाजिक, आर्थिक, भौतिक तथा जीविकोपार्जनका साधनहरुमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलता तर्फ उम्मुख गर्नु ।

### ३.३ लक्ष्य

वुढीगंगा नगरपालिकामा रहेको विभिन्न तरिकाले जोखिम र सङ्कटासन्नता अवस्थामा रहेका घरपरिवारको अवस्था विश्लेषण, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्ने ।

### ३.४ उद्देश्य

क) समुदाय, वडा तथा नगरपालिका स्तरमा विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न न्यूनतम आधार र मापदण्ड निर्धारण गर्नु ।

(ख) समुदाय, वडा तथा नगरपालिका स्तरमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरणमा विपद् तथा जलवायु उत्थानशील योजनाहरुको निर्माणमा योगदान पुर्‍याउनु ।

(ग) समुदाय, वडा तथा नगरपालिका स्तरका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू जस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गर्ने ।

(घ) समुदाय र घरपरिवारस्तरको पोषण र स्वास्थ्य क्षेत्रको क्षमता सवलिकरणका लागि घरपरिवारस्तरको कार्ययोजना निर्माण गरी उनीहरुको पहलमा उत्थानशीलता निर्माणका लागि आगामी क्रियाकलापहरु संचालन गर्ने ।

### ३.५ नीति

वडा तथा नगरपालिका, स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशीलसमिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका ब्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई समुदायको उत्थानशिलतामा योगदान पुर्‍याउने ।

### ३.६ रणनीति

स्थानीयस्तरको समुदाय, वडा तथा स्थानीय तहमा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्यरु तथा पदाधिकारी एवं समुदायका ब्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने । उक्त निर्देशिकाको कार्यान्वयनका लागि स्थानीय तहले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरु अवलम्वन गर्न सक्नेछ । साथै समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति

जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरी योजनाको कार्यान्वयन गर्ने । स्थानीयविपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने साथै नदी कटानमा रहेका उच्च संकटासन्न वस्ती तथा पहिरोबाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नकालागि पानीजन्य विपद्को पुर्वसूचना प्रणालीको स्थापना, गाँउसरकार रराज्यसरकार सगंको समन्वय तथा सहकार्य गरी पहलकद्मी शुरुवात गर्ने । समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण वा व्यवस्थापनका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उपयोग गर्ने साथै यस्ता स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई स्थानीय बार्षिक तथा आवधिक विकासका योजनाहरुमा मूलप्रवाहिकरण गर्दै लैजाने विषयलाई ध्यान दिन जरुरी छ ।

# परिच्छेद ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरु

